**हार्दिक शुभकामना**

हाम्रा सम्पूर्ण पाठक, स्तम्भकार, शुभचिन्तक, विज्ञापनदाता तथा नेपाली दाजुभाइ दिदीबहिनीहरूमा शुभदीपावली, छठ पर्व तथा नेपाल संवत् ११३८ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । साथै हाम्रो आगामी अंक कात्तिक १० गते प्रकाशित हुने जानकारी समेत गराउँछौं ।

**ग्रेटर नेपाल साप्ताहिक परिवार**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक २६, २०७४ साल असोज २७ गते शुक्रबार, नेपाल संवत् ११३७ (Oct. 13, 2017) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## सिटिइभिटीमा कालोमोसो काण्ड


काठमाडौं । सिटिइभिटीले नर्सिङ्गलगायत स्वास्थ्यका विभिन्न विषयमा प्रमाणपत्र तहमा अर्को शैक्षिकसत्रका लागि विद्यार्थी भर्ना गर्ने गरी सम्बन्धन दिएकोमा विद्यार्थीले विरोध जनाउँदै आएका थिए । सिटिइभिटीको सम्बन्धन महाशाखाका प्रमुख जीवनारायण काफ्लेलाई बुधबार कार्यकक्षमै विद्यार्थीले कालोमोसो दलेका छन् । कालोमोसो दलेलगत्तै प्रहरी पुगेपछि विद्यार्थीहरू तितरबितर भएका थिए । शिक्षामन्त्रीको अध्यक्षतामा बसेको बोर्ड बैठकले सम्बन्धन दिएको भए पनि कालोमोसो कर्मचारीलाई दलिएको भन्दै सिटिइभिटीका कर्मचारीले विरोध गरेका थिए ।

# चुनाव नगराउने षड्यन्त्रमा कांग्रेस

काठमाडौं । एमाले, माओवादी केन्द्र र नयाँ शक्तिबीच चुनावी तालमेल गर्दै पार्टी एकता गर्ने लिखित सहमतिले नेपाली राजनीति तरंगित भएको छ । बाम ध्रुवीकरणसँगै दक्षिणपन्थी ध्रुवीकरण पनि तीव्र बनेको छ । सत्ताको नेतृत्व गरिरहेको नेपाली कांग्रेस बाम गठबन्धनसँग नराम्रोसँग झस्किएको छ । कांग्रेसले बाम गठबन्धनमा चिनियाँ भूमिका रहेको निष्कर्ष निकाल्दै छिमेकी मुलुक चीनलाई विवादमा तानेको छ । नेपालको आन्तरिक राजनीतिमा रहेको भारतीय प्रभाव बाम गठबन्धनसँगै कमजोर छ र भारत कांग्रेसको नेतृत्वमा राजपा, राप्रपा लगायतका दक्षिणपन्थी दलहरुलाई सामेल गराएर अर्को गठबन्धन निर्माण गरेर बाम शक्तिलाई काउन्टर दिने अथक प्रयास गरिरहेको छ ।

बाम गठबन्धन बनेसँगै प्रदेश सभा र संघीय संसद निर्वाचन परिणामको जोडघटाउ सु हुन थालेको छ । आसन्न यी दुई निर्वाचनमा बाम गठबन्धनले बहुमत ल्याउने रिपोर्ट भारतीय खुफिया एजेन्सी रअले तयार पारी मोदी प्रशासनलाई बुझाएपछि लोकतान्त्रिक गठबन्धनको पारो झनै बढेको छ । आगामी मंसिर १० र २१ म हुने यी दुई निर्वाचनमा कांग्रेस बाउन्ने पार्टी बन्ने भएसँगै सरकारको नेतृत्व गरिरहेका कांग्रेस सभापति शेरबहादुर देउवाले चुनाव सार्ने रणनीति तय गरेका छन् । उनले सरकारका तर्फबाट यसबारे राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीलाई पठाएर रायमस्यौरा गरेका छन् । मन्त्री कार्कीले चुनाव सार्ने प्रस्ताव गरेलगत्तै राष्ट्रपतिले त्यसले राम्रो सन्देश नजाने भन्दै निर्धारित मितिमै चुनाव हुनुपर्नेमा जोड दिएकी छन् । १० मंसिरको प्रदेशसभाको निर्वाचन २१ मंसिरमा संसद निर्वाचन सँगै गर्ने सरकारको तयारीबारे मन्त्री कार्कीले राष्ट्रपतिसमक्ष राखेका थिए । जवाफमा राष्ट्रपतिले अन्य विपक्षी दलहरु र निर्वाचन आयोगको समेत सहमति आवश्यक पर्ने बताएकी थिइन् । निर्वाचन सार्ने विषयमा राष्ट्रपतिको असहमतिसँगै प्रधानमन्त्री देउवा किंकर्तव्यविमुढ अवस्थामा देखिएका छन् ।

यता एमालेलगायत सत्ता साझेदार माओवादी केन्द्रले सरकारले चुनाव गर्न नचाहेको आरोप लगाइरहेका छन् । एमाले र माओवादी केन्द्र प्रदेश र संसद निर्वाचनमा आआफ्ना उम्मेदवार चयन गर्न व्यस्त छन् । सरकार भने चुनाव सार्ने रणनीतिमा रहेका कारण संविधानको भविष्यमाथि नै अनिष्टका कालाबादलहरु मडारिने खतरा बढेको छ । बाम गठबन्धन बन्नासाथ कांग्रेस नेताहरु चीनलाई धारे हात लगाउँदै सत्तोसराप गर्न थालेका छन् । गत असोज १७ गते बालुवाटारमा भेला भएका सबै कांग्रेस नेताहरुले बाम गठबन्धनमा चीनको हात रहेको धारणा राखेका थिए । कांग्रेस नेताहरु कृष्णप्रसाद सिटौला, अर्जुननरसिंह केसी, गगन थापा सबैले चीनले बाम मिलाएको रिपोर्टिङ प्रधानमन्त्री देउवालाई गरेका थिए । सो भेलामा उपस्थित एक कांग्रेस नेताका अनुसार 'प्रधानमन्त्री देउवाले अघिल्लो दिन



माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले एमालेसँग ४० प्रतिशत सिट लिएर चुनावी तालमेल गर्न लागेको बताएका थिए भनेर सुनाउँदै हुनुहुन्थ्यो । तर उपस्थित नेताहरुले त्यस्तो गठबन्धन बन्ला भनेर शंका पनि गरिरहेका थिए ।

कांग्रेस नेताबीच तालमेल रोक्न अन्तिम पटक प्रचण्डसँग पुनः कुरा गर्ने कि भन्ने विषय उठेको थियो । तर कांग्रेस नेता कृष्णप्रसाद सिटौलाले देउवालाई छाडिदिनोस् अब दाहाल कुनै पनि हालतमा फर्कने सम्भावना छैन भनेका थिए । शान्ति प्रक्रियामा आएपछि पहिलो पटक सार्वजनिक हुँदै गर्दा दाहालले आउँछु भनेको मितिमा नआएको प्रसंग पनि सिटौलाले उठान गरेका थिए । पछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले तत्कालीन चिनियाँ राजदूतलाई बोलाएर किन दाहाल आएनन् भन्ने जिज्ञासा राखेपछि चिनियाँ राजदूतले म बुझ्छु भनेर फर्किएको र राजदुत भेटेको केही घन्टामै दाहाल सार्वजनिक हुन राजी भएको सिटौलाले भेलामा बताएका थिए । सिटौलाको कुरा सुनेपछि देउवाले पनि चिनियाँ राजदुत बोलाएर बाम गठबन्धन रोक्न आग्रह गर्ने कुरा राखेका थिए । तर अन्तिम समयमा त्यो सम्भव छैन भनेर सिटौलाले देउवालाई सम्झाएका थिए ।

कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले त चिनियाँ राजदूत यु होङलाई भेटेरै बाम गठबन्धनबारे जिज्ञासा राखेका थिए । तर चिनियाँ राजदुतले बाम गठबन्धनबारे आफूहरुको कुनै भूमिका नभएको बताएकी थिइन् । बाम गठबन्धनपछि कांग्रेसका हरेक बैठकमा चिनियाँ भूमिकाको समीक्षा हुन थालेको छ । त्यस्ता समीक्षात्मक बैठकले बाम गठबन्धनमा चिनियाँ भूमिका रहेको निष्कर्ष निकालेको छ । जसरी एमाले अध्यक्ष केपी ओली नेतृत्वको सरकार ढाल्न भारतले कांग्रेस माओवादी केन्द्रबीच गठबन्धन गराएको थियो अहिले चीनले ब्याक फोर्समा बाम गठबन्धन बनाएर भारतलाई जवाफ दिनन खोजेको कांग्रेस नेताहरुको विश्लेषण छ ।

तर बाम गठबन्धनका शीर्ष नेताहरु ओली, प्रचण्ड र बाबुराम भट्टराईले कसैको निर्देशनमा कसैलाई लक्षित गरी बाम गठबन्धन नबनेको प्रस्ट पारिसकेका छन् । एमाले अध्यक्ष केपी ओलीले गठबन्धन कांग्रेससँग लक्षित नरहेको अपितु यो देशका लागि आवश्यक रहेको भनिसकेका छन् । प्रचण्डले त एकताको पहल आफैंले गरेर रिस्क मोलेको माओवादी केन्द्रको बैठकमा बताएका छन् । पार्टीको कुनै बैठकबिनै एमालेसँग एकता गर्ने प्रचण्डको एकल निर्णय विरुद्ध अन्य नेताहरुले आवाज उठाएपछि प्रचण्डले जवाफमा त्यस्तो बताएका थिए । मुलुकमा राजनीतिक स्थिरता समृद्धि र विकासका लागि गठबन्धन निर्माण भएको अभिव्यक्ति नयाँ शक्तिका बाबुरामले दिएका छन् । भारतीय लबिका भनेर प्रचार गरिएका बाबुराम एकता प्रक्रियामा आउनुलाई भारतले उनलाई साथ छोड्दै गएको परिणाम हो भन्नेहरु पनि धेरै छन् । भारतले मधेसी दलहरुलाई प्रयोग गर्‍यो, बाबुरामलाई प्रयोग गर्न खोज्यो, प्रचण्डलाई पनि प्रयोग गर्‍यो तर उसको नीति युज एन्ड थ्रो भएकाले प्रचण्ड, बाबुराम, एमाले दलानमा उभिन आउन बाध्य भए, एक विश्लेषक बताउँछन् । अहिले भारतको रोजाइमा नेपाली कांग्रेस छ, इन्डो पश्चिमी गठबन्धन बनेपछि शेरबहादुर देउवा उनीहरुको रोजाइमा परेका हुन्, उनले सुनाए ।

कांग्रेस आइसँग नेपाली कांग्रेसको कहिल्यै सुमधुर सम्बन्ध रहेन । इन्दिरा गान्धीले संकटकाल लगाएपछि जयप्रकाशनारायण, लोहियासँगै बीपीले विरोध गरे । आफ्ना विपक्षी नेताहरुलाई गान्धीले थुनामा लिइन् । **बाँकी ८ पेजमा**

# सातै प्रदेशमा इन्धन भण्डारण गृह

काठमाडौं । नेपाल आयल निगमका प्रबन्ध निर्देशक गोपाल खड्काले पेट्रोलियम पदार्थ भण्डारगृहको कार्यलाई तीव्रता दिने प्रतिबद्धता व्यक्त गरेका छन् । सातवटै प्रदेशमा निर्धारित समयमा इन्धन भण्डारण गृह निर्माण गर्ने उनले बताएका छन् । आफ्नो कार्यकाल डेढ वर्ष मात्र बाँकी रहे पनि भण्डारण गृह हरहालतमा निर्माण गरिछाड्ने उनले दृढता व्यक्त गरेका छन् ।

सर्वोच्च अदालतले खड्काको बर्खास्ती उल्टाएपछि निगममा पद पुनर्वहाली गर्दै प्रबन्ध निर्देशक खड्काले आफूले जग्गा खरिदमा सबै नीति निगम पालना गर्दागर्दै विभिन्न अवरोधको सामना गर्नु परे पनि आफू विचलित नभएको समेत प्रस्ट पारे । उनले भने- 'बरु मलाई राष्ट्रिय आवश्यकता बनेको भण्डारगृह निर्माणमा झन् हौसला मिलेको छ । म निर्धारित समयमा यसलाई पूरा गर्छु । मेरो अबको लक्ष्य पनि यही योजना बनेको छ ।'

उनले भारतीय नाकाबन्दीबाट पाठ सिकेर सरकारले दिएको निर्देशनअनुसार आवश्यक सबै प्रक्रिया पूरा गरी भण्डारगृह निर्माण गर्न लागेको जानकारी गराए । उनले आफू जग्गा खरिदसम्बन्धी विभिन्न निकायको छानबिन समितिलाई पूर्ण सहयोग गरे पनि प्रमाण नष्ट गर्न सक्ने भन्दै सरकारले आफूलाई बर्खास्त गर्नु निकै अप्रिय भएको दुःख पोखे । सरकारले असोज २ गते कुनै स्पष्टीकरणको मौका समेत नदिई खड्कालाई पदबाट हटाउने निर्णय गरेको थियो । सरकारको यो निर्णयविरुद्ध खड्काले सर्वोच्चको ढोका ढकढक्याएका थिए । अन्ततः सर्वोच्चले सरकारको निर्णय उल्टाउँदै खड्कालाई न्याय दिएको थियो ।

# माले कार्यालयमा उत्तर कोरिया स्थापना दिवस

काठमाडौं । उत्तर कोरिया र अमेरिका बीच अहिले ठूलो तनाव जारी छ भने दुवै देशबीच वाकयुद्ध चलिरहेको छ । अमेरिकी साम्राज्यवादको निरन्तर धम्की र प्रभुत्व रोक्न कोरियाले विभिन्न खाले मिसाइल र आणविक बमको निर्माण र परीक्षण गरिरहेको छ । सानो मुलुक भए पनि कोरियाले गरेको आधुनिक हतियारको विकासले अमेरिकी साम्राज्यवादलाई नराम्रोसँग हल्लाइदिएको छ ।

यसैबीच प्रजातान्त्रिक जनगणतन्त्र कोरिया र कोरियन बोकर्स पार्टीको ७२ औं स्थापना दिवसको उपलक्ष्यमा नेपालमा रहेका कोरियाका शुभचिन्तकहरुले समेत विभिन्न कार्यक्रमको आयोजना गरेका छन् । नेकपा (माले) ले पनि पार्टी कार्यालयको सभाहलमा कार्यक्रमको आयोजना गरी कोरियाको स्थापना दिवस मनायो । नेकपा (माले) का महासचिव क. सीपी मैनालीले कोरियाको संक्षिप्त ऐतिहासिक पृष्ठभूमि र प्रजातान्त्रिक




जनगणतन्त्र कोरियाका संस्थापक नेता तथा जुक्षे विचारधाराका प्रणेता किम इल सुङको नेतृत्वमा भएको संघर्ष र योगदानको चर्चा गर्नुभयो । अमेरिकी साम्राज्यवादलाई घुँडा टेकाउने महान नेता किमइल सुङ र त्यहाँका बहादुर जनता अनि कोरिया पुनर्निर्माण र आधुनिककरणमा योगदान पुऱ्याउने सर्वोच्च नेता किम जोङ इल र वर्तमान सर्वोच्च नेता मार्सल किम जोङ उनको प्रशंसा गर्दै क. मैनालीले कोरियाली नेता, सरकार र जनतालाई स्थापना दिवसको बधाई तथा शुभकामना ज्ञापन गर्नुभएको थियो ।

अमेरिकाले फैलाएको युद्धको त्रासदी र नाकाबन्दीको संकट **बाँकी ८ पेजमा**

# मोदी नेपाल आउने तर कहिले ?

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी तेस्रो पटक नेपाल आउँदैछन् । मोदी प्रधानमन्त्री भएलगत्तै पहिलो पटक नेपाल आएका थिए । त्यसको तीन महिनापछि नै सार्कको १८ औं शिखर सम्मेलनमा सहभागी हुन मोदी नेपाल आउँदा उनको ठूलो प्रशंसा भएको थियो । अठार वर्षपछि भारतीय प्रधानमन्त्री नेपाल भ्रमणमा आएका थिए । तर मोदीको दोस्रो भ्रमणको भने खासै चर्चा भएन । जब उनले सर्वस्वीकार्य संविधान जारी गर्न निर्देश गरे उनको चौतर्फी आलोचना भयो ।

नेपालको संविधानसभाले २०७२ असोज ३ गते संविधान जारी गरेपछि मोदीले नेपालमाथि नाकाबन्दी नै लगाए । यस घटनाले मोदीको लोकप्रियताको पारो तल भरेन मात्र नेपालमा भारत विरोधी भावना ह्वात्तै बढ्यो । अन्तर्राष्ट्रिय विरोध र भारतभित्रै समेत **बाँकी ८ पेजमा**

# अब सबैलाई स्वास्थ्य बिमा

काठमाडौं । शिक्षा, स्वास्थ्य, खाद्यान्न, आवास नागरिकका मौलिक हकका कुरा भए पनि तिनमा सर्वसाधारणको सहज पहुँच छैन । स्वास्थ्य र शिक्षा जस्ता कुरा अत्यन्तै महँगो बन्दै गएका छन् भने विभिन्न खाले गम्भीर रोगको आक्रमणमा सर्वसाधारण समेत पर्ने गरेका र उपचारको अभावमा ज्यान गुमाउनुपर्ने बाध्यता छ ।

यसैबीच व्यवस्थापिका संसदले स्वास्थ्य बिमासम्बन्धी विधेयक पारित गरेर सबै नागरिकले स्वास्थ्य बिमाको सुविधा पाउने व्यवस्था गरेको छ । स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच पुऱ्याउन गरिएको कानुनी व्यवस्थालाई सबैले सकारात्मक र स्वागतयोग्य कदमका रुपमा लिएका छन् ।

स्वास्थ्य बिमासम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन भएको खण्डमा प्रत्येक नागरिकले राज्यबाट आधारभूत, स्वास्थ्य सेवा, निःशुल्क प्राप्त गर्न सक्छन् । बिमाको माध्यमबाट उपचार खर्च प्राप्त हुने भएपछि सडकमा उपचारको लागि भीख माग्नुपर्ने अवस्थाका नागरिकहरुको पनि उद्धार हुनेछ । हाम्रो मुलुकमा कानुन थुप्रै बने पनि ती **बाँकी ८ पेजमा**

# संसदको आयु सकिंदै

काठमाडौं । भोलि शनिबार संसद्को आयु स्वतः समाप्त हुँदैछ । प्रतिनिधिसभा सदस्य मनोनयनको अघिल्लो दिन संसद्को आयु स्वतः समाप्त हुने संवैधानिक व्यवस्था रहे पनि प्रत्यक्षतर्फको उम्मेदवारी दर्तालाई मान्ने कि समानुपातिकको सूची मनोनयनलाई आधार मान्ने भन्ने अन्योल थियो । निर्वाचन आयोगले समानुपातिक सूची २९ गते र प्रत्यक्षतर्फ कात्तिक ५ गते मनोनयनको दिन तोकेको छ ।

सभामुख ओनसरी घर्तीले समानुपातिकको मनोनयनलाई आधार मानेर संसद् विघटन हुने भन्दै सरकारलाई अत्यावश्यक कानुन पारित गर्नुपर्ने **बाँकी ८ पेजमा**

## समय-सन्दर्भ | चीनविरोधी अभियान : विगत र वर्तमान

**राजेन्द्र शर्मा**

सन् १९६२ मा भारत-चीन युद्ध हुँदा भारतीय गुप्तचर संस्था आईबीले राम्रो काम गर्न नसकेको कारण तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुले अमेरिकी सरकारसँग गुहार मागे । सकोही वर्ष आईबी र सिआईएको सहयोग समीकरण बन्यो । उक्त सहयोग समीकरणको काम चीनविरुद्ध जासुसी गर्नु, चीनको सामरिक शक्तिकेन्द्र पत्ता लगाउनु र हिमालय क्षेत्रबाट हुन सक्ने अभियान सञ्चालन गर्नु थियो । यस कामको योजना भारतको चक्रता-ढणकाता भन्ने स्थानमा सन् १९६३ को अप्रिल महिनामा बनेको थियो । अरु कुरामा मतभेद भए पनि 'चीन विरोधी' अभियानमा भारत र अमेरिकाको एकता भएको थियो । किनकि भारतले तत्कालीन सोभियत संघबाट सैनिक सामग्री तथा जासुसी तालिम र उपकरण पाइरहेको थियो । समग्रमा भन्दा उबेलाको भारतको विदेश नीति सोभियत जासुसी संस्था केजीबीको मातहतमा थियो ।

सन् १९५३ मा सीआईएको प्रमुख पदमा नियुक्ति पाएका एलेन डलसले सन् १९६१ म समयावधिका कारण कुर्सी छोडे तापनि सन् १९६९ सम्म सीआइए सल्लाहकारका रुपमा काम गरेका थिए । उनैका सल्लाह बमोजिम आईबी र सीआईएको देखावटी रुपमा कार्यगत एकता भए पनि भारत र चीन विरोधी जासुसी अभियान समान रहनुपर्छ भन्ने जानकारी सीआईएलाई दिइएको थियो । उता केजीबीले सोभियत सीमा, भारत र नेपालसँगको चीनको सीमा क्षेत्रबाट फाइदाअनुरुप कारबाही गर्नु भन्ने आईबीलाई आदेश आएको थियो ।

सन् १९७९ अप्रिल २७ का दिन भारतीय गुप्तचर संस्था 'खोज' तथा अनुसन्धान विश्लेषण संस्था (प्रधान कार्यालय लोधी रोडको जवाहरलाल नेहरु स्टेडियम अगाडि नयाँदिल्ली रअको प्रधान कार्यालयमा एक बैठक बस्यो । बैठकमा सहभागीहरुले उति जानकारी पाएका थिएनन् जति रअ प्रमुखले पाएका थिए । त्यहाँ थाहा भयो कि सिआईएले भारत र चीन दुवैको बराबर जासुसी गरिरहेको छ ।

चीनविरुद्धको अभियान सञ्चालन गर्ने नाउँमा सीआईएले सन् १९६५-१९६७ मा भारतको नन्दादेवीमा दुईवटा आणविक संयन्त्र लगाएको थियो । यो कुरा भारतीयहरुलाई थाहा थिएन । ती आणविक संयन्त्रले चीनको अणु कार्यक्रमको जानकारी लिन्थे र विश्लेषणका लागि सीआइएको हेडक्वाटरमा पुऱ्याउँथे । उक्त संस्थाले भारतका केही गन्यमान्य व्यक्तिहरुलाई समेत किनिसकेको थियो । नेहरुको टाइपिस्ट एमओ मथाई राजीव गान्धीको मुख्य सचिव पीसी अलेक्जेन्डरको सचिव टिएनखेर तथा मोरारजी देसाईसम्मलाई सीआईएले किनेको बताउने अन्तर्राष्ट्रिय संस्था मनग्गे छन् ।

आखिर जे भए पनि एउटा कुरामा भारत र अमेरिकाको चीनविरोधी अभियान समान थियो । भारतकै परिवेशमा **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# सुरक्षा व्यवस्थापनमा गम्भीर प्रश्न

राजधानीको मुटु मानिने बानेश्वर एरियामा नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष शरद गौचनको दिनदहाडै हत्या भएको छ । निर्माण व्यवसायी गौचनको हत्याले सरकारको सुरक्षा व्यवस्थापनमा गम्भीर प्रश्न उठेको छ । सरकारका गृहमन्त्री जनार्दन शर्माले सुरक्षा व्यवस्था सुदृढ रहेको बताउँदै आएका छन् । गृहमन्त्रीको भनाइ विपरीत गाडीमा हिँडिरहेका व्यक्तिलाई भीडभाड हुने बाटोमै गोली हानिन्छ भने पक्कै पनि सुरक्षा निकायलाई संगठित अपराधी समूहले ठूलो चुनौती दिइरहेका छन् ।

अपराध नियन्त्रणको लागि प्रहरीले केही चर्चित डनहरूलाई इन्काउन्टर गरिदियो भने केहीलाई जेलमा हालिदिएको छ । जेलभित्रैबाट पनि कतिपय गुन्डा नाइकेले अपराधका योजना बनाउने गरेको समेत प्रहरी अनुसन्धानमा देखिएको छ । गौचनको हत्यापछि पेस्तोलसहित तीन जना युवा पक्राउ परे पनि प्रहरीले तिनीहरूको घटनामा संलग्नता भए नभएको जानकारी बाहिर ल्याएको छैन । गत वर्ष रूपन्देहीमा युवा संघ नेपालका अध्यक्ष दुर्गा तिवारीको हत्याको जिम्मा लिने मनोज पुनको समूहले प्रहरीलाई फोन गरेर गौचनको हत्याको जिम्मेवारी लियो भन्ने समाचार पनि प्रहरीबाटै सार्वजनिक भएको थियो । तिवारीका हत्यारा पहिचान भइसक्दा पनि पक्राउ पर्न नसकेपछि उक्त गिरोहको मनोबल बढेर थप हत्या काण्ड मच्चाएको पनि हुन सक्छ ।

भारतसँग सीमा जोडिएको नेपालको प्रवेशद्वारकै रूपमा रहेको वीरगन्ज सहरमा केही वर्षअघि व्यवसायीको असुरक्षाले चरम रूप लिएको थियो । भारतीय अपराधीहरूको संलग्नतामा भएका श्रृंखलाबद्ध हत्या, अपहरण जस्ता कुराले त्यहाँको व्यापार व्यवसाय चौपट बन्नुका साथै गम्भीर सुरक्षा चुनौती पैदा भएको थियो । अपराध अनुसन्धान, निष्पक्ष र निडर प्रशासन क्षमतामा कहलिएका प्रहरी रमेश खरेलले वीरगन्जको अपराध रोकथाममा महत्वपूर्ण योगदान पुर्‍याएका थिए । तत्कालीन एसपी खरेल नेपालमा मात्र नभएर भारतीय सीमावर्ती बजारहरूमा समेत चर्चित बन्न पुगे र उनको नाममा चलचित्र समेत निर्माण भयो । अहिले गौचनको हत्याले वीरगन्जको रोग काठमाडौंमा सरेको देखिन्छ भने हत्याराहरूले राजधानीका व्यवसायीलाई समेत आतंकित बनाएका छन् ।

गौचनको हत्यासँगै विभिन्न निर्माण व्यवसायीहरूलाई फोनमा धम्की दिएर हत्याराहरूले त्रास फैलाएका छन् । सानातिना टोले गुन्डादेखि ठूलठूला कहलिएका डनहरूसम्मको कहीँ न कहीँ राजनीतिमा साइनो जोडिएको हुन्छ । यस्ता गुन्डा समूहलाई नेताहरूले निर्वाचनमा समेत प्रयोग गर्छन् भने केही डनहरू त राजनीतिक दल र भ्रातृ संगठनहरूका नेता समेत बनेका छन् । राजनीतिको आडमा मौलाएको गुन्डागर्दीको चरम रूप व्यवसायीहरूको हत्यामा देखिएको छ ।

आफ्ना मुलुकका हाइ प्रोफाइलका व्यवसायी मात्र नभएर तल्लो तहका सर्वसाधारण जनताको समेत जिउधनको सुरक्षा गर्ने दायित्व राज्यको हो । जुनसुकै दलको नकाव भिरेका गुन्डा नाइकेहरू भए पनि ती अपराधी नै हुन् । दल विशेषको आडमा यस्तो प्रवृत्ति मौलाउन दिनु हुँदैन । सामान्य ठेलामा व्यापार गर्नेदेखि अर्बौंको कारोबार गर्नेसम्मको जिउधनको पूर्ण रूपमा सुरक्षा हुनुपर्छ । प्रहरीले सुन्य नम्बरदेखि आउने फोनहरूको पहिचान गर्ने आधुनिक उपकरण भित्र्याएर अपराधीको पहिचान गर्ने क्षमता बढाउन आवश्यक छ । त्यसैगरी प्रहरीलाई अनावश्यक ठाउँमा दुरूपयोग गर्नुभन्दा सुरक्षा चुनौती भएका व्यक्तिहरूको सुरक्षामा परिचालन गर्नुपर्छ । शान्तिसुरक्षाको ग्यारेन्टी भएमा मात्र मुलुकले आर्थिक प्रगतिको बाटो समात्न सक्छ ।

# एमाले-माके एकता : के होला कारक तत्व ?

सुरेन्द्र ढकाल
पोलिटब्युरो सदस्य
(नेकपा माले)



नेपाली राजनीतिका एक अर्कालाई हदैसम्म घृणा गर्ने दुई वामपन्थी दल एमाले र माओवादी केन्द्रले चुनावी तालमेल गर्दै लगी पार्टी एकीकरणसम्म गर्ने घोषणा गरेपश्चात यो एकताको पछाडिको कारकतत्व को होला भनेर नेपाली जनमानसमा ठूलो कौतुहलता जागेको छ । नेपालको इतिहासमा कोतपर्व, भण्डारखाल पर्व जस्ता विभिन्न पर्व हुँदै राजा वीरेन्द्रको वंश विनास र त्यसपछिको गणतन्त्रको स्थापना जस्ता राजनीतिक घटनाक्रमहरु नेपाली इतिहासको पानामा पढन पर्ला भनेर कुनै ज्योतिषी, राजनीतिज्ञ वा इतिहासकारले कल्पना समेत गरेको थिएन होला । यस्ता अकल्पनीय कुराहरुको श्रृंखलामा नया श्रृंखला फेरि थपिएको छ- नेपालको राजनीतिक इतिहासमा अहिले । के होला त यसको कारक तत्व ?

१) २०४६ को जनआन्दोलनपछि माले र मार्क्सवादी मिली बनेको एमालेले शसस्त्र क्रान्तिको अवधारणा त्यागी पश्चिम युरोपेली कम्युनिज्मको बाटो तय गर्‍यो । मदन भण्डारीको जनताको बहुदलीय जनवाद (जवज) त्यही दस्तावेद र कार्यक्रम थियो । मदनको त्यो जवज इटालीयन कम्युनिज्मका सिद्धान्तकार आन्तोनियो ग्राम्सीको युरो कम्युनिज्मको प्रतिलिपि थियो भन्ने कुराको प्रमाण यसै पंक्तिको लेखक हो । यही सिद्धान्तको कारण एमाले नेपाली राजनीतिमा स्थापित त भयो तर मदनको हत्यापछि एमालेका नेताहरुले जवजलाई देखाउने दाँतमा सीमित गरे, जागिर खाने बाटोमात्र बनाए । जनजीविका ओझेलमा परेकै कारण माओवादी जनयुद्ध र तथाकथित प्रचण्ड पथको एकाएक उत्थान हुन पुग्यो र यो पनि एक कालखण्डमा आई पुन संसदीय भासमा जाकिन पुग्दा जवज जस्तै बेवारिसी बन्न पुग्यो । बामपन्थी भनिने शासक नेताका मुहारहरु चिल्ला भए, जनता र देशको मुहारमा कुनै परिवर्तन आएन । यस्तो वेवारिसीपनले दुबैलाई आत्मालोचना गर्न बाध्य बनायो । जनतालाई भेडा बनाउँदै ढाँट र छलको राजनीति गर भन्ने कुरामा उनीहरुबीच मतैक्यता भयो, उनीहरु एकाएक एकै खेमामा आइपुगे ।

२) नेपाली जनताले चुनेको संविधानसभाको प्रचण्ड बहुमतले संविधान जारी गर्ने कार्य भए तापनि नेपाललाई सिक्किम बनाउने ग्राण्ड डिजाइनमा तुषारापात हुने देखी भारतले यस संविधानलाई स्वीकारेन । संसोधन गरी स्वीकार गराउने कार्यको बाधक एमाले बन्न पुग्यो । एमालेलाई जसरी पनि आफ्नो पोल्टामा ल्याउन सकेमात्र आफ्नो अभिष्ट पूरा हुने देखेर भारतीय गुप्तचर संस्थाले अर्को जाल फाल्यो त्यो जालमा एमाले पर्‍यो जस्को फलस्वरुप अकस्मात एकताको विगुल बज्न गयो । राजा वीरेन्द्रको वंश विनाशमा आफ्नो हात नभएको पुष्टि गर्न रअले जसरी त्यो हत्याकाण्डको दोष ज्ञानेन्द्रको थाप्लो हाल्न सफल भएको थियो । अहिले त्यसरी नै मधेसी दलहरुलाई कांग्रेसी खेमामा एकताबद्ध हुन पठाएर माओ एमाले एकतामा आफ्नो कुनै हात नभएको देखाउन रअ पुनः सफल भएको छ । यसप्रकार भोलि निर्वाचित संसदकै बहुमतले नेपाललाई दोस्रो सिक्किम घोषणा गर्‍यो भने त्यो पनि वीरेन्द्रको वंश विनाशझैं स्वत रहष्यमय बन्ने छ ।

३) ट्रान्सपरेन्सी इन्टरनेसनलले जसरी नेपाललाई विश्वका १० भ्रष्ट राष्ट्रको सूचीमा राखेको छ त्यसरी नै नेपालका राजनेता भनाउँदाहरु भ्रष्टाचारको आहालमा डुब्न पुगेका छन् । कर्मचारीको मिलोमतो भ्रष्टाचार गर्ने, पोल खुल्यो भने त्यसको दोष कर्मचारीमा थोपर्ने अनि आफू जोगिने श्रृंखला पनि समाप्त भई कर्मचारीले आफ्नो पोल खोल्लान् भनेर कर्मचारीलाई पनि जोगाउने क्रमको शुरुवात भएको छ भन्ने कुरा चुडामणी र गोपालले पाएको सफाइले स्वतः प्रमाणित मात्रै गरेको छैन अब न्यायालय पनि भ्रष्टाचारको आहालमा डुब्न पुगेको स्वतः प्रमाणित भएको छ । डा. गोविन्द प्रवृत्तिका नागरिकहरु भ्रष्टाचारको विरुद्ध आमरण अनसन गरी विश्वको ध्यान नेपालमा आकृष्ट गर्न खोजेको परिप्रेक्ष्यमा कतै नयाँ भ्रष्टाचार विरोधी दलहरु नेपालको राजनीतिमा हावी होलान् र आफ्ना कुदिन आउला भन्ने डरले भ्रष्टाचारीहरुबीच वृहत ध्रुवीकरण गराउने र जो बहुमतमा आए पनि आफ्नो कमाएको कालोधनको सुरक्षा गर्न उद्दत हुने श्रृंखलाको कडीको रुपमा वाम र प्रजातान्त्रिक भनिने भ्रष्टहरुबीच ध्रुवीकरण र एकता शुरु भएको हो । भाग शान्ति जय नेपाल यसप्रकार एकताको कारक तत्व बन्न पुगेको छ ।

४) चीन विश्व आर्थिक र सामरिक शक्तिको रुपमा क्रमशः स्थापित हुन जानुले अमेरिका, भारत र युरोपेली राष्ट्रको निद हराम भएको छ । उनीहरुलाई चीनलाई जसरी पनि विखण्डन गर्नु परेको छ त्यो पनि नेपाली माटोलाई प्रयोग गरेर । भुटानी शरणार्थीलाई आफ्नो देशमा लिएर जाने तर तिब्बती शरणार्थीहरुलाई सदाको नेपालमै बस्न दिनुपर्ने उनीहरुको आग्रहलाई अहिले आएर चीनले बुझेको छ । नेपाल सधैं गरिब नै रह्यो भने यो अमेरिका, भारत र युरोपेली राष्ट्रको कठपुतली बन्न सक्ने देखी चीनले नेपाललाई एक दशकभित्रै विकसित राष्ट्र बनाउने खाका अघि सारेको अहिलेको अवस्था हो । भारतले नाकावन्दी गरेको अवस्था जसरी चीनले नेपाललाई मद्दत गर्‍यो, भारतीय एकाधिकार तोड्दै नेपालसँग ब्यापार पारवहन सन्धि गर्‍यो अनि नेपाललाई रेलले जोडने खरबौं डलरको महत्वाकांक्षी योजना अघि सार्‍यो त्यसले नेपाली जनमानसमा चीनप्रति सद्भाव र भारतप्रति घृणा फैलाएको छ । अब भारतपक्षीय राजनीति गरेर नेपालको विकास हुन्छ भन्ने सोचाइमा परिवर्तन आएको छ र त्यसको फलस्वरुप एमाले र माओवादीमा रहेका रअका एजेन्टहरुको पत्तासाफ हुने अवस्था श्रृजना हुनुले पनि एकताको लागि कारक तत्व बन्न पुगेको हुनु पर्दछ ।

५) नेपाल विश्वमा एक मात्र हिन्दु राष्ट्र थियो । यसलाई राष्ट्रिय गौरव र पहिचानको विषय मान्नु स्वभाविक हो । तर संविधानसभाले बनाएको संविधानले नेपाललाई धर्मनिरपेक्ष राष्ट्र बनाएपछि यसको ब्यापक विरोध भइरहेको परिप्रेक्ष्यमा यसैको कारण राजसंस्था पनि ब्यूँतिने सम्भावना बलियो बन्दै गएको छ । धर्मनिरपेक्षता चाहने वामहरुबीच एकता नभएमा जनयुद्धबाट प्राप्त गणतन्त्र र धार्मिक स्वतन्त्रता गुम्ने हौवा पिटाइएको परिप्रेक्षमा दुई पक्षहरुबीच ध्रुवीकरण हुनु स्वभाविक प्रकृया पनि हो र त्यसैको फलस्वरुप अहिले राजनीति तरल बन्न पुगेको छ । जब राजनीति तरल हुन्छ पुराना मान्यता ढल्छन् र नयाँ मान्यता स्थापित हुन खोज्छ । रातारात राजनीतिमा परिवर्तन आउनुको पछाडिको रहष्य पनि यही हो ।

# आफैंतिर फर्केर हेर्दा (२)



जगदीश लामिछाने
रौतहट, पौराई

कर्णाली नदी अहिले नेपाल प्रवेश गर्ने हिल्सापारीसम्मै नेपाल हो किनभने त्यहींबाट लिमीतिर पनि जान मिल्ने कुरा बुझिन्छ । हो त्यसै ठाउँमाथि खेचरनाथ छन् । हुम्ला लिमीको नेपाली सीमा खम्बाको ठीक १२ किमिमा मानसरोवर जलै भेट्टाइन्छ भन्ने उसबखत २०१८ का नापीमा जानेहरुको भनाइ छ । त्योभन्दा माथिको कैलाश क्षेत्रसम्मै नेपाली भाषा बोल्ने, बस्तीमा नेपालकै काठ पाइने, कैलाश नै नामका व्यक्तिहरु रहेछन् । यता पशुपतिनाथमै लिच्छवि मल्ल मात्र होइन, २००० वर्षतिरकै किराँत अवशेष छँदैछन् मूर्तिहरु नै छन् । त्यसैगरी यो शरीर पनि ब्रह्मस्थान अर्थात् ईश्वर बस्ने स्थान जानिएमा छँदैछ । यसैले रौतहट पौराइमा ब्रह्मस्थान भएको हुन पनि पर्छ ।

नेपाली क्षेत्रमा किन द्वन्द्व भयो ? भनेर २०६४ सालमा रौतहट चन्द्रपुर पौराहीमै ब्रह्मस्थानको वेदना स्थानीयले नै छापेका हुन् । नेपालभरका गरी विद्रोही सरकारी तथा साधारण यही द्वन्द्वमा १७००० नेपालीको ज्यान गयो भनी अमेरिकामै एक अनुसन्धाता थोमस ए माक्सले अंग्रेजीमै २०१७ इ.सं. अप्रिलमा छपाएछन् । नेपालीहरुलाई द्वन्द्व समाधानकर्ता भन्न चाहिँ बिर्सिएछन् । नेपाली लाहुरेहरुले आफ्नै रगत दिएर देश जोगाएको मात्र होइन, तराईसहितका ७ दल दिल्ली गएर ती १७००० मार्नेलाई नेपाल ल्याई प्रधानमन्त्री नै दिए । कसरी असमर्थ नेपाली भए ? २०५२ देखि २०७२ समय त्यसै खेर गएको मात्र हो । तर यसरी युगयुगमा नेपाली दुःखी भएर बाँच्न सुहाउँदैन मात्र भन्नुपर्छ । २०७४ जेठ १६ गतेको आफैंतिर फर्केर हेर्दा आध्यात्मिक र एउटा राजनीतिक दृष्टिले हेरौं- (१) ब्रह्मस्थानको वेदना २०६४ प्रकाशित पुस्तक- लेखक सिपाही आदि ६ जना वास्तवमा दुःखी नै हुन् । यो कुरा पुराना मनिषीकै वाक्य नै हो । यो किताब तयार गरेर २०६१ तिरै राजदरबार पठाइयो । राजालाई घोचपेच पनि कविताहरुमै थिए । राजालाई शनिको दशाझैं दशा लागेको लेखकलाई थाहा नहुने कुरै भएन तैनि उताबाट धन्यवाद आयो । राष्ट्रकवि माधव घिमिरे तथा जनकविकेशरी धर्मराजा थापालाई काठमाडौंमै गई देखाउँदा क्रमशः प्रोत्साहन र भूमिका लेखिदिनु भयो । यो कुरो २०६१ फूलपाती र २०६१ कात्तिक १३ को भयो । कविताको किताब तैपनि चन्द्रपुर ब्रह्मस्थानको वातावरणले आज गर्छु भोलि गर्छु भनी रहे अड्काएको बुझेर बराबर राष्ट्रकविले स्थानीयलाई छापिदिन खबर पठाउनु हुँदा 'राजा' शब्दको ठाउँमा नेता लेख्ने प्रकाशक लक्ष्मण न्यौपानेले सल्लाह दिएर अर्का प्रकाशक रामशरणको पनि समर्थन लिनु २०६२ चैत १ गते प्रकाशकीय दिए वैशाख ६ गतेमै २०६४ मा पाइयो ।

जुन कविताको किताब ममतामयी माता कौशल्यादेवीलाई समर्पण थियो उहाँ नै १०० वर्षको उमेरमा यो लेखक टुहुरो पारी बिदा हुनुभयो । त्यही दुःखमा राजदरबार ढोकामा २०६४ ।१० ।१७ मा बसी लेखेर कवितासहित पठाइयो । श्री ५ ज्ञानेन्द्रको दरबार छोड्ने समयतिर त्यसैको शीर्षक हो 'नेता तिमी छौ भरे' यो लेखककै अर्को किताब 'समय समयका कुरा' २०७२ को अन्त्यमा निस्किएको संकलनमा दोस्रो पटक समेत १७० पृष्ठमा छापिएकै छ । यो भयो आध्यात्मिक उद्देश्य ब्रह्मस्थानको कुरा । हो त्यो ब्रह्मस्थान भौतिक रुपमै पनि आज रौतहट चन्द्रपुर वडा नं. १ मा नगरपालिकामा छँदैछ । पौराहीमै छ ।

(२) टिस्टा काँगडा- यो लेखकले आफ्नो अध्ययनले देखेसम्म भौतिक अथवा राजनीतिक दृष्टि हो । यो १८१५ इ.सं.सम्मको अंग्रेजले फिर्ता दिएको भूमि नेपालै हो भन्ने २०७२ को किताबमा यत्रतत्र छलाछुल्ल नै छ । त्यही भूमिसमेतबारे लेखकले पहिले स्तम्भकारको रुपमा 'विद्रोही स्वर' नाम स्तम्भ नै २०५३ देखि दिव्यचक्षु साप्ताहिकमा लेख्ने गर्दाका सम्पादक पद्मभक्त खरेलले तत्कालीन परराष्ट्रमन्त्री कमल थापासँग सोधनी गर्दा वर्ष १६ अंक १३ मा नालापानी लिने कारबाही गर्छु भनेको छापेकै छन् । त्यो कुरो २०७२ को किताब १७२ पृष्ठमै छ । यसैले २०६८-१०-२७ मा एउटा कविता 'पशुपति शमशेरसँग' लेखियो र काठमाडौं आई २०६८-११-२९ मा उहाँलाई चावहिल घरमा सविनय विशाल नेपाल नक्सासहित कविता दिँदा उहाँकै पिता र पितामहको श्राद्धको कुरा गरियो । उनै विजयलाई सहिद भनियो । त्यो पनि त्यही २०७२ को किताबको पृष्ठ १७१ मै दोस्रो पटक छापिएकै छ । आफ्नै पिता र पितामहको श्रद्धा गर्ने कि नगर्ने ? उहाँकै मर्जी ।

**अबको क्रान्ति : पर्यावरणीय** — सुदर्शन प्रधान

# अबको क्रान्ति : पर्यावरणीय क्रान्ति (२)

त्यसैले कपडा, जुत्ता, पेटी, टाई जति धेरै फेर्‍यो, त्यति उसको सान बढेको मानिन्छ तर यी वस्तुहरू यसको तौलको सयौं गुणा प्रदूषण गरेर मात्र बन्छन् । जाडोबाट बच्न एक जोर न्यानो कपडा र अन्य दुई जोरबाहेक धेरै राख्नु प्रकृतिमाथि भार मात्र हो । झन्डै एक महिनाअगि बङ्गलादेशकी प्रधानमन्त्री खलिदा जियाले सरकारी कर्मचारीहरूलाई गर्मीको ६ महिना टाई, सुट, पाइन्ट नलगाई साधारण कपडामा कार्यालय आउन उर्दी जारी गरिन् । हुन त उनले बङ्गलादेशमा बिजुलीको अभावले त्यसो भनेकी हुन् तर सो कुराले अब कपडाको बिक्रीवितरणमा पनि कमी आउनेछ । सीमितै सही, त्यो प्रकृतिमैत्री छ । वास्तवमा संसारभरि कपडामाथि पूर्ण नियन्त्रण गर्न खाँचो छ । किनकि कपडा निर्माणमा हजारौं रसायन, रङ्ग र इन्धनको उच्च प्रयोग हुन्छ, जसले जमिन, जल र वायुमण्डललाई ठूलो आघात तुल्याउँछ । तसर्थ अत्यावश्यक कपडाबाहेक धेरै प्रयोग गर्नु प्रकृतिमाथि ठूलो अन्याय हो ।

पकाएको वा काँचो खाना कैयौं दिनसम्म ताजा राख्न रेफ्रिजेरेटर प्रयोग गरिन्छ । जाडो मौसममा कोठा न्यायो गर्न र गर्मी याममा शीतल छाउन कोठामा एअर कुलर प्रयोग गरिन्छ तर यसले क्लरोफ्लुरो कार्बन उत्पादन गरेर हाम्रो वायुमण्डलको रक्षाकवच ओजोन तह नष्ट गर्छ । आज सहरबजार र गाउँबस्तीमा पनि आर्थिक रूपले सम्पन्न परिवार र कार्यालयहरूमा रेफ्रिजेरेटर र एअर कुलर प्रचुर मात्रामा प्रयोगमा आउन थालेका छन् । विकसित मुलुकहरूमा त यी सामान्य कुरा बनिरहेछन् । युरोपमा जाडो याममा गाई फारम र घोडाका तबेलाहरूमा समेत न्यानो गराउन एअर कुलर राख्ने गरिन्छ । अनि मध्यपूर्वमा हरेक धनाढ्य वा सेठहरू र कार्यालयहरूमा पनि शीतलताका लागि एअर कुलर प्रयोग गर्छन् । वास्तवमा यो प्रकृतिमाथि निर्मम प्रहार हो । अझ हिजोआज कार, जिप, बस, भ्यानहरूमा समेत एअर कुलर जडान गरिन्छ ।

मानव र प्राणी सबै प्राकृतिक भएकाले तातो र चिसो वातावरणमा जति रहन सक्यो, उति नै तातो र चिसोसँग लड्ने प्रतिरोधात्मक शक्ति वृद्धि हुन्छ । हाम्रा पुर्खा त्यसरी नै बाँचे र गुज्रिए तब वर्तमान पुस्ताको अस्तित्व रह्यो । कृत्रिम वातावरण मन पराउने र त्यसमा लिप्त यो पुस्ताले प्रकृति नाश मात्र गरेन, आफ्नै भावी सन्ततिलाई पनि कमजोर र अशक्त तुल्याउने उपहार दिइरहेछ । विज्ञानको आविष्कार रेफ्रिजेरेटर र एअर कुलरजस्ता कुरा अस्पतालका रोगी, बिरामी र अत्यावश्यक ठाउँहरूमा मात्र सीमित पारिनुपर्छ, अन्धाधुन्ध जताततै होइन ।

स्वच्छ नदीमा मानवबस्तीको ढल र कलकारखानाबाट निस्कने हजारौं प्रकारका रासायनिक पदार्थ मिसिएर प्रदूषित भएपछि नदीको पानी र त्यहाँका जलचर तथा वनस्पति के होलान् ? प्रस्ट छ, जलचर विनाश हुनेछन् र पानी विषसरह बन्नेछ । त्यसरी नै आज अनगन्ती रेडियो, एफएम, टिभी च्यानल र मोबाइल फोनका रेडियो तरङ्गहरूका कारणले हाम्रो आकाश तथा वायुमण्डलको प्राकृतिक सन्तुलन के भइरहेको होला ? स्पष्ट छ, भारतको गङ्गा र काठमाडौंको बाग्मती नदीजस्तै बनिरहेछ । तसर्थ यी रेडियो तरङ्ग उत्पादन गर्ने यन्त्र, प्रविधिहरू पनि सीमित र आवश्यक मात्र प्रयोग गर्नुपर्छ । यी सबै कारणले विश्वमा वातावरणीय विनाश निम्त्याइरहेछ । हाम्रो जीवनशैलीले नै विश्वमा पृथ्वीको उच्च तापक्रम (Global warming) को समस्या निम्त्याएको हो । यस्ता गम्भीर विषयमा अब हामीले जीवनशैली परिवर्तन गर्नुपर्छ । त्यसका लागि आवश्यक छ नयाँ क्रान्ति । हामीले विश्वव्यापी वातावरण संरक्षणका लागि गर्नुपर्ने काम हजारौं छन् । यसका लागि विश्वव्यापी प्रकृतिद्रोही सामाजिक कार्यहरूलाई सच्याउनुपर्छ र प्रकृतिमैत्री सामाजिक व्यवस्था निर्माण एवम् विकास गर्नुपर्ने बेला आएको छ ।

# मैले देखेको सोह्रौं विश्व सम्पदा : इटलीको पोम्पेइ


सुरेन्द्र ढकाल



ज्वालामुखीले विनाश गर्नुअगाडिको पोम्पेई



पोम्पेईको खुला नाट्यशाला



ज्वालामुखीबाट निस्केको लाभाले पुरेपछि उत्खनन गरिएको पोम्पईको भग्नावशेष



उत्खननपछि पोम्पेई र त्यसको पछाडि भेसुभियो ज्वालामुखी




लाभा निकाली उत्खनन गरिएपछि एपोलोको मन्दिरको भग्नावशेष



उत्खननपछि प्राप्त शिलामा परिणत भएका लासहरू



लाभाले पुर्नुअगाडिको एपोलो मन्दिर



पोम्पेईमा पर्यटकको घुइँचो



यही भेसुभियो ज्वालामुखी पड्केर पोम्पेई भग्नावशेषमा परिणत भएको थियो



मित्र रामबाबु रिमालका साथ सुरेन्द्र ढकाल पोम्पेईमा

सन १९८६/८७ को क्रिसमस र नयाँ वर्षको विदा पेरिस घुमेर बिताएपछि म रोम फर्किएँ र दोस्रो त्रैमासिक सत्र जनवरी मार्चको पढाइ शुरु गरेँ । इटलीको राजधानी शहर रोममा नै बसेर पढ्ने कारण अरु इटालीयन र युरोपियन शहरमा बसेर अध्ययन गर्ने नेपाली मित्रहरुसँग सम्पर्कमा रहनु स्वभाविकै हुन्थ्यो । धेरै सम्पर्क चाहिँ इटलीको अर्को शहर नेपल्समा बसेर विकास अर्थशास्त्रको स्नातकोत्तर अध्ययन गरिरहेको रामबाबु रिमालसँग हुन्थ्यो किनकी हामी दुवै सामान्य प्रशासन मन्त्रालयका शाखा अधिकृत हुँदाहुँदै छात्रवृत्ति पाएर इटली पुगेका थियौँ । रोम र नेपल्सको दूरी रेलबाट जाँदा जम्मा दुई घन्टामात्रै हुने कारण हप्ता अन्तमा नेपल्स आउन मित्र रामबाबुले मलाई बारम्बार आग्रह गरिरहनुहुन्थ्यो । अध्ययन आफ्नो पहिलो प्राथमिकता र भ्रमण दोस्रो प्राथमिकतामा पर्ने हुँदा दोस्रो त्रैमासिक शत्र नसकुञ्जेल जति कोसिस गर्दा पनि म नेपल्स जान सकिनँ । सत्र समाप्तिसँगै सन् १९८७ को मार्च महिनाको अन्तमा नेपल्स पुगी रामबाबुको होस्टल पाहुना बन्न पुगेँ । भेटनासाथ नेपल्समा छुटाउनै नहुने ठाउँ कुन हो भनेर सोध्दा उनले पोम्पेइको नाम लिए । आठ किलोमिटर टाढा रहेको ज्वालामुखी फुटेर आएको लाभा र खरानीले रातभरमा नै पोम्पेइ शहरलाई पुरेको र धेरै गएर पछि लाभा खरानी खोतलेर हेर्दा शहर भग्नावशेषमा परिणत भएको र मानिसहरु शीलामा परिणत भएको रोमाञ्चक कुरा रामबाबुले मलाई सुनाएपछि भोलिपल्ट बिहान पोम्पेइतिर जाने निर्णय गरी हामी सुत्यौं । भोलिपल्ट बिहानै होस्टलको क्यानटिनमा ब्रेकफास्ट गरी सोझियौं हामी पोम्पेइतिर । पोम्पेइको ट्राम स्टेसनबाट अन्दाजी १५ मिनेटको हिँडाइमा उक्त उत्खनन स्थल पुगिदों रहेछ । उत्खननस्थल पुग्नु केही मिनेटअगाडि सडककै छेउमा रक्तदान कार्यक्रम चलिरहेको रहेछ । हामी दुवैले त्यहाँ रक्तदान गऱ्यौं । रक्तदान रामबाबुका लागि सहज थियो किनकी उनी नेपालमा पनि रक्तदान गर्नेरहेछन् तर मेरो लागि भने त्यति सहज भएन किनकी त्यो मेरो लागि पहिलो पल्ट थियो । रक्तदान सक्नासाथ हामी पोम्पेइको उत्खनन गरिएको स्थल पुग्यों । प्रतिव्यक्ति १५ हजार लिराको प्रवेश टिकट किनी भेसुभिओ ज्वालामुखीले भग्नावशेष बनाएको पोम्पेइको प्राचीन शहरभित्र हामी छिऱ्यौं । त्यहाँ हामीले अन्दाजी ४ घण्टा बितायौं । त्यहाँभित्रको मुख्य दर्शनीय स्थानमा जुपिटर र एपोलोको मन्दिर र खुला नाचघर एम्पिथिएटर पर्ने रहेछ ।

पोम्पेइ : एक खुला संग्रहालय

पोम्पेइ इटलीको नेपल्स शहर नजिकै रहेको प्राचीन रोमन शहर हो । पोम्पेइ र हेर्कुलानियमसहित थुप्रै गाउँहरुलाई नजिकैको भेसुभिओ नाम गरेको ज्वालामुखी विष्फोटन भई आएको लाभा र तातो खरानीले ४ देखि ६ मिटरसम्म पुरेको थियो । पहिलो शताब्दिको सन् ७९ मा पड्केको सो ज्वालमुखीको कारण पुरिन गएको पोम्पेइ शहरको स्थापना ओस्कानहरुले इशापूर्व सातौंदेखि छैठौं शताब्दीबीच गरेका थिए । इशापूर्व चौथौं शताब्दिदेखि पोम्पेइ रोमको अधिनमा थियो । त्यसबेला जम्मा ११ हजार जनसंख्या भएको पोम्पेइको आफ्नै खानेपानी प्रणाली, आफ्नै बन्दरगाह, खुला नाट्यशाला र आफ्नै व्यायामशाला जिम्नासियम थियो ।

अकस्मात रातमा भेसुभिओ पडकेर आएको लाभा र तातो खरानीले पुरै शहर तहसनहस गऱ्यो भने सबै नागरिकहरु कि डढेर मरे कि शीलामा परिणत भए । लाभा र खरानीले पुरिएको १५ सय वर्षसम्म पोम्पेइ पुरिएरै रह्यो । बल्ल सन् १५९९ मा गएर त्यहाँ सिंगै शहर बस्ती पुरिएको थाहा हुन आयो र त्यसको १५० वर्षपछि सन् १७४८ मा स्पेनिस इञ्जिनियर आल्कुवियरेले उत्खनन कार्य पूर्ण गरे । उत्खनन गर्दा त्यहाँ पुरिएका लास र लाखौंलाखको संख्यामा रहेका अरु बस्तुहरुलाई जस्ताको तस्तै निकाल्ने कोसिस गरिएको थियो । सुतेका मानिसहरुको जिउमा तातो लाभा पसी शीलामा परिणत भएको कारण सुत्दा उनीहरु जुन अवस्थामा थिए उत्खनन गर्दा त्यस्तै अवस्थामा सग्लो भेटिए । त्यसै गरी भवनका पिलर र भित्ताहरु पनि खरानी हटाउँदै जाँदा डढेको अवस्थामा फेला परेका थिए । संसारको अरु कुनै ठाउँमा देख्न नपाइने ज्वालामुखीले पुरेको शहर भएको कारण विगत २५० वर्षदेखि पोम्पेइ विश्व पर्यटकको आकर्षणको केन्द्र विन्दु बनेको छ । यो क्षेत्र विश्व सम्पदामा सुचिकृत छ र हरेक वर्ष २५ लाख पर्यटक पोम्पेइ अवलोकन गर्न आउँछन् । प्राचीन ओस्कान भाषामा पोम्पेइको अर्थ पाँच भन्ने बुझिन्छ त्यसकारण पनि त्यहाँ ५ गाउँवस्ती रहेको अनुमान गरिएको छ ।

मानव शरीरको अलावा डढेका भाँडाकुँडा र पशुहरुको हाडखोर पनि उत्खनन क्रममा भेटिएका छन् । उत्खननबाट प्राप्त शिलालेखलाई आधार मान्दा प्राचीनकालमा यहाँ पनि एत्रुस्कान, ग्रिक जातिहरुको शासन रहेको र पछि गएर रोम अधिनस्थ भएको देखिन्छ । शहरको मुख्य आर्कषणको केन्द्रविन्दु रहेको एपोलोको मन्दिर इशापूर्व २ शताब्दिमा बनेको थियो । त्यहाँ रहेको खुला नाट्यशालाको डिजाइनलाई वर्तमान आर्किटेक्टहरुले प्राय असम्भव र अलौकिक मान्दछन् । त्यतिखेर बनाएको त्यहाँको खानेपानी प्रणाली अन्तर्गतका धाराहरुमा पानी आउने ब्यवस्था पनि अचम्मैको थियो । पानी पहिले गरिव जनताले खाने सार्वजनिक धारामा आएपछि मात्र धनीहरुले खाने निजी धारामा आउने गरी बनाइएको थियो । उत्खननबाट प्राप्त भित्तामा गरिएका कलाकृतिमा दैनिक जीवनका र नग्न मैथुन मुद्राका प्रस्तुति हेर्दा नेपालको मन्दिरको टुँडालमा गरिएको काष्ठकलाको झल्को पाएको थिएँ मैले ।

पानीका फोहरा र पौडी खेल्ने पोखरीहरु पनि उत्खननमा भेटिनुले पोम्पेइका जनताको जीवनस्तर अरु समकालिन युरोपेली शहरभन्दा कुनै कुरामा पनि कम नभएको स्पष्ट हुन्थ्यो । रक्सी बनाउने भाँडा पनि उत्खननको क्रममा भेटिनुले त्यहाँ पनि आमरुपमा अंगुर खेती गर्ने गरेको र घरैपिच्छे रक्सी बनाउने प्रचलनको विकास भइसकेको थियो । सार्नो नदीको किनारमा रहेको पोम्पेइ त्यतिखेरै रोम र सिराकुसाबीचको ब्यापारिक केन्द्रको रुपमा विकास भइसकेको थियो । पोम्पेइको पूर्ण उत्खनन कार्य अझै पनि सकिएको छैन र यो निरन्तर चलिरहेको छ ।

मानवले मानवलाई शोषण गर्ने, अन्याय अत्याचार गर्ने निन्दनीय कार्य हो । नागरिक अधिकारप्रति सजग र सचते बनौं, बनाऔं र सबैमा समान व्यवहार गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

आधा आकाश ■ सन्तोष शर्मा

# छोरीको सम्मान परिवारको सान

**भ्रूण पहिचान गरेर छोरी भए गर्भपतन गर्ने प्रवृत्ति मौलाउनुमा फितलो कानुन जिम्मेवार छ । कानुनमा कडाइ र अनुगमन तीव्र गराउने हो भने यसलाई घटाउन सकिन्छ ।'**

'दुई-दुईवटा सन्तान भए, अब नजन्माए हुँदैन ?'

'हुन्न, छोरा नभए गाउँलेले हेप्छन् ।'

अरूलाई शिक्षा दिने एक शिक्षकले आफ्ना भाइलाई दिएको जवाफ हो यो । धन्न उनको चौथो सन्तानचाहिँ छोरो भयो । अहिले उनलाई चार-चार सन्तानको लालनपालन प्रलय भएको छ । आफ्नो ढल्कँदो उमेरको ख्याल नगरी काममा रातोदिन मरिमेट्न बाध्य छन् उनी । अर्को एउटा परिवारको कथा । जसका घरमूली शिक्षक नै हुन् । उनले पनि छोराको आसमा चार छोरी जन्माए । त्यसपछि छोरो जन्मियो । अनि बल्ल रोकियो सन्तान जन्माउने काम । पाँच सन्तानको शिक्षा र विवाहमा उनले सानो सकस भोगेनन् ।

अर्को उदाहरण छ । एक आमा जसले छोराको आसमा ६ छोरी जन्माएकी थिइन् । अन्तमा उनले छोरो पाइन् । उनका मान्यताअनुसार 'मुख अँध्यारो भएकीले छोरी पाउँछे, उज्यालो भएकीले छोरा ।' अर्थात् छोरा र छोरी जन्मनुअघि नै उज्यालो-अँध्यारोको प्रतिनिधित्व गरेर जन्मन्छन् । छोरा पाउनेको जिउ हलुको-छिटोछरितो हुन्छ । छोरी पाउनेको अलि लोसे-अल्छ्याहा किसिमको हुन्छ भन्ने उनको मान्यता छ । यसले पनि जन्मनुअघि नै कसलाई छरितो र कोही लोसे बनाइसकेको छ ।

सामान्यतया बच्चा गर्भमा बसेपछि उसको स्वास्थ्य अवस्थाबारे अद्यावधिक भइरहन चिकित्सकले तीन-चारपटकसम्म अल्ट्रासाउन्ड गर्न लगाउँछन् । आफ्ना सन्तानको अङ्ग, मस्तिष्क, मुटुको चाल आदि ठीक भए-नभएको हेर्ने यो प्रविधि आफैँमा खराब होइन । तर, यसकै आडमा गर्भमा रहेकी छोरीको हत्या गर्ने प्रवृत्ति समाजमा बढ्दो छ । कानुनअध्येता सुमन आचार्यका अनुसार गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान गर्नु अपराध हो । यसरी पहिचान गर्न खोज्ने व्यक्ति र गराउने चिकित्सक दुवैलाई कारबाही हुन्छ ।

भ्रूणको लिङ्ग पहिचान गराउनेलाई तीन महिनादेखि ६ महिनासम्म कैद र पहिचान गरी गर्भपतन गर्नेलाई ६ महिनादेखि तीन वर्षसम्म कैद सजाय हुने कानुनी व्यवस्था छ । व्यवहारमा सहरका धेरै अस्पताल वा क्लिनिकमा त्यस्तो सेवा उपलब्ध छ ।

विश्व स्वास्थ्य सङ्गठनले नेपाललाई 'छोराको चाहना राख्ने संस्कृति भएको' मुलुकको सूचीमा राखेको छ । सन् २००९ को एक अध्ययनमा अधिकांश महिलाले पहिलो सन्तान जे भए पनि हुने बताएका थिए । तर, पहिलो बच्चा छोरी भएका ८१ प्रतिशत महिलाले दोस्रो बच्चा छोरा होस् भन्ने चाहेका थिए ।

छिमेकी देश भारतमा पछिल्ला दुई दशकमा एक करोड २० लाख छोरीको भ्रूणहत्या भएको तथ्याङ्क बाहिर आएको छ । त्यहाँ विवाहमा धेरै दाइजो दिनुपर्ने भएकाले छोरीको भ्रूणहत्या हुने विश्वास गरिन्छ । यही कारण भारतका कतिपय प्रान्तमा विवाह गर्न केटी पाइन छोडेको खबर पढ्न पाइन्छ ।

उता, एक सन्तान नीतिले चीनमा पनि छोरा नै रोज्ने प्रवृत्ति थियो । त्यही कारण त्यहाँ भ्रूणहत्या ह्वात्तै बढेको थियो । भ्रूणहत्याले छोराछोरीको अनुपात नमिल्दा बिहे गर्न केटी नपाइने समस्या चर्केपछि केही समयअघि मात्र चीनमा दुई सन्तान नीति ल्याइएको छ ।

सरकारी तथ्याङ्कअनुसार नेपालमा सुरक्षित गर्भपतन सेवाले कानुनी मान्यता पाएको दश वर्षमा करिब सात लाख र पछिल्लो पाँच वर्षमा चार लाख ३९ हजार ७४ महिलाले गर्भपतन गराएका छन् । कास्कीमा मात्रै आर्थिक वर्ष ०६९/७० मा चार हजार ६ सय ६२, ०७०/७१ मा ६ हजार ९४ र ०७१/७२ मा पाँच हजार आठ सय १७ जनाले सुरक्षित गर्भपतन गराएको तथ्याङ्क छ । गर्भमै लिङ्ग पहिचान गरी गर्भपतन गर्ने प्रवृत्ति बढेसँगै नवजात शिशुमध्ये बालिकाको सङ्ख्या घट्दै गएको छ । ०६८ को जनगणनाअनुसार महिलाको जनसङ्ख्या ५१ प्रतिशतभन्दा बढी भए पनि १० वर्षमुनिका बालिकाको सङ्ख्या बालकको भन्दा २.३ प्रतिशत कम छ । ०६८ को जनगणनाअनुसार सहरी क्षेत्रमा एकदेखि १० वर्ष उमेर समूहका बालिकाको सङ्ख्या बालकभन्दा ५.७ प्रतिशत कम छ ।

ग्रामीण क्षेत्रमा भने बालिकाको सङ्ख्या बालकको तुलनामा १.७९ प्रतिशतले कम देखिएको छ । तथ्याङ्कका आधारमा एक दशकमा जन्मने शिशुमध्ये बालिकाको सङ्ख्या घट्दो छ । एक दशकअघि ११ सय ५० शिशुमा बालिका नौ सय ६ र एक दशकयता एक हजारमा सात सय जन्मने गरेको पाइएको छ ।

पत्रकार विजय कुमारले आफ्नो पुस्तक 'खुसी'मा छोरी जन्मँदा आफूले अस्पतालमा सबैलाई मिठाई बाँडेको उल्लेख गरेका छन् । त्यसरी मिठाई बाँड्दा 'झन् छोरा नै जन्मेको भए के पो गर्दो होला !' भनेको पुस्तकमा उल्लेख छ । छोरीले गरेका प्रगति र तिनले आफूलाई दिएको सन्तुष्टिलाई उनले खुलेर लेखेका छन् ।

अध्ययनको सिलसिलामा नेपाल आएकी अमेरिकी विद्यार्थी फेबी बोइडियार्टोले दुई वर्षअघि काठमाडौंमा 'छोरीशक्ति' शीर्षकमा फोटोग्राफी गरेकी थिइन् । लिङ्गका आधारमा गर्भपतन प्रवृत्ति चर्किरहेको समाजमा आफूले गरेको फोटोग्राफीमा उनले एघार जोडा बाबुछोरी समेटेकी थिइन् । उनको फोटोकथा 'नेपाली टाइम्स' अङ्ग्रेजी साप्ताहिकले छापेको थियो । बोइडियार्टोले भनेकी छिन्, 'आफ्ना छोरीप्रति गहिरो प्रेम र आशा बोकेका बाबुहरू देख्दा म साँच्चै धन्य भएकी छु ।'

फोटोकथामा कतिपय बाबुले छोरीलाई 'लक्ष्मीको रूप' भनेका छन् । छोरीबिना घरमा कुनै सौन्दर्य नहुने धारणा पनि तिनले व्यक्त गरेका छन् । छोरीहरू बुझकी हुने र तिनले छोराले जत्तिको सबै काम गर्न सक्ने ती बाबुहरूको विश्वास छ । फोटोकथामा 'तपाईं आफ्नी छोरीप्रति किन गर्व गर्नुहुन्छ ?' भन्ने साझा प्रश्नमा गायक अमृत गुरुङले भनेका छन्, 'मेरी छोरीले मलाई पिता भूमिकामा सम्मान दिएकी छन् । अनि म पनि उनको रुचि र समस्यामा सघाउन प्रतिबद्ध छु ।' सोही फोटोकथामा समेटिएका पत्रकार नारायण वाग्लेले त्यसताका ट्विट गरेका थिए, 'यसपालि म छोरीका कारण अखबारमा छाएको छु ।'

हाम्रो समाजमा एक मात्र सन्तान (छोरी) जन्माएर बस्ने कैयन् अभिभावक देखिन्छन् । त्यस्तै, दुई छोरीलाई आँखाका दुई नानी ठानेर स्नेह वर्षाउने अनेक अभिभावक पनि हाम्रै वरिपरि छन् । राज्यले यस्ता अभिभावकलाई प्रोत्साहन पुरस्कार वा भत्ताको व्यवस्था गरे छोरीप्रतिको विभेदमा कमी आउन मद्दत पुग्थ्यो भन्छिन् महिला आयोगकी निवर्तमान सदस्य मनु हुमागाईं । 'राज्यका विद्यमान कानुन पालनामा कडाइ र अभिभावकलाई प्रोत्साहनको वातावरण बनाउन सक्नुपर्छ,' हुमागाईंले भनिन्, 'अनि मात्र छोरीप्रतिको विभेद कम हुन थाल्नेछ ।'

जनस्वास्थ्य विशेषज्ञ डा. रवीन्द्र पाण्डे पनि भ्रूणहत्या मौलाउनुमा फितलो कानुनलाई दोष दिन्छन् । पाण्डे भन्छन्, 'कानुनमा कडाइ र अनुगमन तीव्र गराउने हो भने यसलाई घटाउन सकिन्छ ।'

*(सञ्चारिका फिचर सेवा)*

# स्वास्थ्यकर्मीहरूको अधिकार नखोस्न चेतावनी



काठमाडौं । नेपाल सीएमए संघ झापाको आयोजनामा गरिएको प्रदेस नं (१) स्तरीय भेला बिर्तामोडको मेची प्राविधिक शिक्षालयको सभाहलमा सम्पन्न भएको छ । संसोधित स्वस्थ्य निर्देशिका २०७० ले एच.ए तथा सीएमएहरुलाई स्वास्थ्यकर्मी समेत भन्न नपाउने गरी अझ संसोधन गरी पास गर्न लागेको हुँदा नेपाली जनताको सहजै प्राथमिक स्वस्थ्य सेवा प्राप्त गर्न सक्ने मौलिक हक नै खोसिन लागेको हुँदा त्यसको विरुद्धमा स्वस्थ्य मन्त्रालयमा संघका केन्द्रीय पदाधिकारीहरुद्वारा गरिने धर्ना कार्यक्रमलाई ऐक्यबद्धता जनाउँदै दश सदस्यीय संघर्ष समिति गठनसमेत गरेको छ ।

झापा जिल्ला अध्यक्ष दानबहादुर श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रमका प्रमुख अतिथि संघका केन्द्रीय उपाध्यक्ष रामेश्वरप्रसाद यादव र विशेष अतिथि ओमबहादुर खड्का रहेका थिए । राष्ट्रिय स्वास्थ्यकर्मी संघ नेपालका केन्द्रीय सदस्य दिपक सापकोटा, नेपाल स्वस्थ्यकर्मी संघ झापा जिल्ला अध्यक्ष गोविन्द श्रेष्ठ, प्रगतिशीलका प्रेम न्यौपाने, एच.ए. संघ झापा अध्यक्ष संजय ठकुरी, झापा जिल्लाका सबै स्थानीय तहका स्वस्थ्य संयोजकहरु, तेह्रथुम ताप्लेजुङ तथा इलामका प्रतिनिधिहरुको आतिथ्य तथा वक्ता रहेका बृहत कार्यक्रमको संचालन प्रदिप खरेलले गरेका थिए ।

हाल नेपालको बाल मृत्युदर र मातृ मृत्युदरमा आएको कमी, औषत आयुमा वृद्धि, बिरामी दरमा कमी जस्ता स्वास्थ्य सूचकांकमा आएको सुधार पारमेडिक्सहरुकै योगदान र परिश्रमले गर्दा भएको सत्यतालाई नकार्दै नेपाल सरकारले आफ्नो थर्मोमिटर र आलासमेत खोस्ने नीति ल्याउन लागेको हुँदा सबै पारामेडिक्सहरु अब एक भएर अगाडि बढ्ने वक्ताहरुले वचनबद्धता जाहेर गरेका थिए । विशेष गरी मान्यता प्राप्त संस्थाबाट अध्ययन गरी स्वस्थ्य ब्यावसायी परिषद दर्ता र स्वस्थ्य मन्त्रालयले समेत पहिले दिएको अधिकारलाई हाल विभिन्न बहानामा स्वस्थ्यकर्मी नै होइनन् भन्ने आसयमा नीति बनिन लागेको हुँदा त्यसलाई सबैले गहन अध्ययन गर्नुपर्ने सुझाव वक्ताहरुले नीति निर्माणकर्ताहरुसम्म पुऱ्याउन आन्दोलनको विकल्प नरहेको बताएका थिए ।

# अनुदानको चामलमा खाद्य संस्थानको मनपरी

काठमाडौं । कर्णालीका बासिन्दालाई जन्म र मृत्यु संस्कार सम्पन्न गर्न सरकारले दिएको निःशुल्क चामल वितरण गर्दा खाद्य संस्थान हुम्लाले रकम असुल्ने गरेको पाइएको छ । कर्णालीवासीलाई जन्म र मृत्यु संस्कारमा चामल अनुदानमा दिने घोषणा गरेअनुरूप हुम्लालगायत कर्णाली अञ्चलका पाँचवटै जिल्लामा नेपाल खाद्य संस्थानले गाउँपालिकाको सिफारिसका आधारमा निःशुल्क २० केजी चामल दिँदै आएको छ । खाद्य संस्थानले भने अनुदानको उक्त २० किलो चामल दिएबापत २ सय ४० रुपैयाँ लिने गरेको छ । खाद्य संस्थान शाखा कार्यालय हुम्लाले अनुदानमा आएको भए पनि सोना मसिनो चामल वितरण गरेको भन्दै २० केजीको २ सय ४० रुपैयाँ असुल्ने गरेको छ ।

स्थानीय तहले जन्म र मृत्यु भएको प्रमाणित कागजात सिफारिस गरेमा डिपो कार्यालय रहेका स्थानीय तहभन्दा बाहिरका स्थानीय आएमा दुई दिनसम्मको प्रतिदिन पाँच रुपैयाँका दरले ढुवानीको खर्चसमेत दिने निर्णय भएको छ । तर निर्णयविपरीत संस्थानले भने उल्टै रकम असुल गर्दै आएको छ ।

# बालमैत्री विद्यालयको शान

मोहन पौडेल/ सुनवल

नवलपरासी जिल्लाको सुनवल नगरपालिका देशकै पहिलो बालमैत्री स्थानीय शासन घोषणा गर्ने स्थानीय निकाय त हुँदै हो, साथमा त्यहाँका विद्यालयहरू पनि बालमैत्री छन् । 'सुनवलले घोषणाका लागि मात्र बालमैत्री स्थानीय शासन अवलम्बन गरेको होइन, हाम्रो संस्कार, व्यबहार र सेवाका सबै क्षेत्रलाई बालमैत्री शासन बमोजिम अनुकुलन गर्न यहाँका सबै सेवाप्रदायक निकायहरू लागि परेका छन्' सुनवल नगरपलिका कार्यलयका बालमैत्री स्थानीय शासन फोकल पर्सन रेशम शर्माले भने- 'यही मान्यताअनुसार विद्यालयहरू पनि बालमैत्री छन् ।'

त्यसो त विद्यालयहरू आफैमा बालमैत्री संस्था हुन् । बालमैत्री व्यबहार, सिकाई तथा संरचनाहरू बालमैत्री भएनन् भने विद्यालयको उदेश्य पुरा हुन सक्दैन । सुनवलस्थित भगवती माध्यामिक विद्यालयका प्रधानाध्यापक खेमलाल जोशी शर्मा भन्छन् 'यसैकारण पनि हामी आफैले बालमैत्री विद्यालयको अवधारणालाई शैक्षिक क्रियाकलापको एक अभिन्न अंगका रुपमा अगाडि सारेका हौँ ।'

'विद्यालयको नीति निर्माण, योजना तर्जुमा, कार्यन्वयन र मूल्यांकनमा समेत बालबालिका, अभिभावक र समुदायलाई सहभागि गराउनु नै बालमैत्री विद्यालयको बिशेषता हो' प्रधानाध्यापक जोशीले थपे 'यसै बमोजिम नै भगवती माविले विद्यालय सुधार योजना अन्तर्गत विद्यालयलाई बालमैत्री बनाउने योजना बनाएको थियो, सुनवल नगरपालिकाले पनि स्थानीय स्वायत्त शासन अन्तर्गत नगरलाई बालमैत्री बनाउने लक्ष्य अगाडि ल्याएपछि हाम्रो चाहना र लक्ष्य मिल्यो । अहिले यहाँका विद्यालयहरू बालमैत्री बनेका छन् र समग्र नगरपालिका बालमैत्री निकाय घोषित भएको अवस्था छ ।'

'हाम्रा विद्यालयहरूमा दण्डरहित शिक्षा कार्यन्वयनमा रहेको छ । सुनवलकै अर्को सामुदायिक विद्यालय प्रगति माध्यामिक विद्यालयका प्रधानाध्यापक चन्द्र किशोर यादव भन्छन् 'विद्यालयमा बाल क्लब सक्रिय छन् । उनीहरूको सहभागिता हरेक निर्णय प्रक्रियामा हुने गरेको छ ।, विद्यालय व्यबस्थापन समितिमा जिल्ला शिक्षा कार्यलयको परिपत्रअनुसार बालबालिकाको प्रतिनिधि गराइने गरिएको छ । यसबाहेक अभिभावक भेला तथा शिक्षक बैठकमा समेत बाल प्रतिनिधि राख्ने प्रचलन बसालेका छौ ।'

सुनवल नगरपालिका २०७१ जेठमा बालमैत्री स्थानीय शासन नगरपालिकाका रुपमा घोषणा भएको नेपालको पहिलो र एक मात्र नगरपालिका हो । कुनै पनि स्थानीय निकाय बालमैत्री स्थानीय निकायका रुपमा घोषित हुन सेवासम्बन्धी २७ वटा सूचक र संस्थागत १२ सूचक पुरा गरेको हुनु पर्दछ । यसमध्ये बाल विकाससँग सम्बन्धित १३ वटा सूचक शिक्षासँग प्रत्यक्ष सम्बन्धित छन् ।

'स्थानीय निकायसँग समन्वय गरेर सबै शिक्षालयलाई बालमैत्री बनाउन जिल्ला शिक्षा कार्यलयले लिखित निर्देशन नै दिएको छ ।' जिल्ला शिक्षा कार्यलयका सहायक जिल्ला शिक्षा अधिकारी तोयानाथ लम्सालले बताए- 'बालमैत्री घोषाणा भएपछि त्यसको दीगोपन र निरन्तरताका लागि पनि शैक्षिक संस्थाहरू सचेत छन् ।'

लम्सालको दाबीअनुसार सुनवल नगरपालिकाका विद्यालयलाई बालमैत्री बनाउन र स्थानीय निकाय बालमैत्री स्थानीय शासन घोषणा गर्न विद्यालय, स्रोत केन्द्र र स्थानीय निकायसँगको समन्वय र सहकार्य, अभिभावक र समुदायको चेतनाले मुख्य काम गरेको छ । विद्यालयलाई समुदायले अपनत्वका रुपमा ग्रहण गरेपछि विद्यालयलाई सुधार गर्न गाह्रो पर्दैन । उनको भनाई थियो, 'बालमैत्री विद्यालय बन्न थप लगानी नै गर्न पर्दैन । भएकै पूर्वाधारमा सुधार गरे पुग्छ ।'

बालमैत्री स्थानीय निकायका लागि शिक्षासँग समबन्धित काम कठीन नभएको प्रसंग उठान गर्दै विद्यालय व्यबस्थापन समिति र शिक्षकको सामुहिक प्रयासबाट बालबालिकाको शैक्षिक अधिकार स्थापित गर्न सकिने सहायक जिल्ला शिक्षा अधिकार लम्सालको भनाई थियो ।

सुनवलमा २६ वटा सरकारी र १४ वटा निजी विद्यालय र क्याम्पस छन् । सुनवल नगरपालिकाको तथ्यांकअनुसार प्राथमिक तहमाबाहेक सबै विद्यालयमा बालक्लब गठन भएको छ भने सबै विद्यालयमा बालमैत्री धारासहितको खानेपानीको सुविधा, छात्र तथा छात्राको बेग्लाबेग्लै शौचालय, कक्षा कोठा, फर्निचर र खेलमैदानको व्यबस्था छ । यसै गरी एक सामुदायिकसहित सबै विद्यालयमा बाल विकास केन्द्र खोलिएका छन् । बाल विकास केन्द्रका सबै फर्निचर बालमैत्री छन् ।

विद्यालयमा गठन भएको बाल क्लबको सहयोगमा शैक्षिक सत्रको सुरुवातमा भर्ना अभियान गरिने त्यहाँका स्थानीय अभिभावक संघमा रहेका विन बहादुर बुढाथोकीले बताए । 'विद्यालय बाहिर बालबालिका नहुन् भनेर बालबालिका र अभिभावक र शिक्षक मिलेरै घरदैलो गर्ने गरिएको छ ।' उनले भने -'पहिला पहिला विद्यालय खोलेपछि पढ्न आफै आउँछन्, नआए पनि कसैलाई वास्ता गर्दैनथे, अब विद्यालयबाहिर बालबालिका हुनु हुन्न भन्ने मान्यता स्थापित भएको छ । यो बालमैत्री स्थानीय शासनको नै देन हो ।'

सुनवलका सबै विद्यालयमा दण्डरहित शिक्षा प्रणाली लागू गरिएको भगवती माविका प्रअ शर्माले बताए । 'बालमैत्री विद्यालय डण्डरहित शिक्षण प्रक्रिया हो भन्ने सन्देश पनि हामीले दिएका छौँ । बालमैत्री विद्यालयका विद्यार्थी चकचके हुँदैनन् । बालमैत्री विद्यालयका विद्यार्थीहरू सहयोगी र व्यबहारिक हुन्छन् । हरेक क्रियाकलापमा आपसी छलफल र अन्तरक्रियामा सहभागी भएर आत्मसम्मान र आत्मबल बलियो हुन्छ । यो बालबालिकामा जन्मजात सीप नभएर बालमैत्री विद्यालयको गतिविधि र शिक्षण प्रक्रियाबाट विद्यार्थीमा विकास हुने गुण हो भन्ने हाम्रो ठम्याई छ ।'

'विद्यालय बालमैत्री बनाउन बाल अधिकारका चार खम्बा घोकाएर मात्र हुँदैन । अधिकारमा आधारित उपागमलाई कार्यन्वयन गर्न उनीहरूको रोजाईलाई सुन्न सक्ने शिक्षाकर्मी पनि हुनु पर्छ ।' भगवती माविकै शिक्षिका रामलक्ष्मी पौडेलले बताइन्- 'बालमैत्री विद्यालयको अवधारणाअनुसार शिक्षण प्रक्रियाले विद्यार्थीको शारिरीक मानसिक र संवेगात्मक पक्ष सुरक्षित भएको हाम्रो अनुभव छ ।'

विद्यालयले विद्यार्थीको कुरा सुनुवाई गरेकोमा सुनवलका विद्यार्थीहरूमा पनि आत्म विश्वास उच्च रहेको पाइएको त्यस क्षेत्रमा बालमैत्री स्थानीय शासनसम्बन्धी अनुसन्धान गरिरहेको मीरेष्ट नेपालका अध्यक्ष सुरेश आचार्यले बताए । 'हाम्रो अध्ययनले बालमैत्री शासनले विद्यालयमा सकारात्मक प्रभाव परेको निचोड निकालेको छ' उनले भने ।

'बालमैत्री शासन घोषाणा भएपछि विद्यालयमा पढाउने शिक्षकको व्यबहार फरक भएको पाईयो' स्थानीय विद्यालय व्यबस्थापन समितिका अध्यक्ष आइतबीर सिह सिंजालीले बताए ' यहाँका शिक्षकहरू विद्यार्थीलाई समान माया गरेर विद्यार्थीकै क्षमता, चाहनाका आधारमा शिक्षण गर्छन् अन्यत्र त्यस्तो पाइदैन' उनले बताए ।

सुनवलका विद्यालयहरूले अभिभावक, शिक्षक र विद्यार्थीका लागि उनीहरूकै बीचबाट आचारसंहिता पनि जारी गरेको छ । 'यसले गर्दा पनि कसको के भूमिका हो भन्ने कुरा स्पष्ट हुन्छ' सुनवल निम्न माध्यामिक विद्यालयका शिक्षक चित्रबहादुर गुरुङले बताए । अचारसंहितामा बालबालिका, अभिभावक र शिक्षकले पालना गर्नु पर्ने मुख्य बिषय समेटिएको छ । यस्तो आचारसंहिता सरकारवालाहरूको अर्थपूर्ण उपस्थितिमा उनीहरूबाट नै जारी भएको हो ।

भगवती बाल क्लबका अध्यक्ष जीवन खनालले 'आफ्नो विद्यालयमा अतरिक्त क्रियाकलाप नियमित हुने गरेको र विद्यालय सञ्चालक समितिको बैठकमा बालक र बालिकाल ाई प्रतिनिधित्व गराएको' बताए । विद्यालयले छात्राको समस्यालाई ध्यान दिएर सेनेटरी प्याड पनि निःशुल्क बितरण गर्ने गरेको उनले सुनाए । यसबाट छात्राको शिक्षामा सुधार भएको त्यस विद्यालयकी शिक्षक तारा शर्माको दाबी थियो ।

जे होस, स्थानीय निकाय मात्र होइन स्थानीय शिक्षण संस्था पनि बालमैत्री बनाएमा समग्र पक्षलाई सहयोग हुन सक्ने सुनवल नगरपालिकाको अवस्थाबाट प्रष्ट हुन्छ ।

*–साभारः मीरेष्ट लेखमाला*

Remember us for the Construction of Private and Public Works

EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

# विश्वमा पत्रकार हत्या श्रृंखलाबद्ध



**विष्णु भट्टराई**

भारतको राजधानी नयाँ दिल्लीदेखि टाढा रहेको पूर्वी भारतीय राज्य त्रिपुराको प्रान्तीय राजधानी अगरतलाको बाहिरी इलाकामा बुधबार एकजना पत्रकारको हत्या भयो । संख्या गणना गर्दा यो हत्या भारतमा यसै महिनामा भएको दोस्रो पत्रकार हत्या हो । भारतमै करिब दुई साताअघि एक जना ५५ वर्षीया सम्पादक गौरी लंकेशको गोली हानी हत्या गरिएको थियो । आईटी राज्यको नामबाट सुपरिचित दक्षिण भारतको कर्णाटकको प्रान्तीय राजधानी बैंग्लोरस्थित आफ्नै घरमा गोली हानेर उनको हत्या भएको थियो । उनको हत्या समाचार लेखेकै कारणले भएको पुष्टि पनि भएको छ । किनभने उनले आफूमाथि सुरक्षा खतरा रहेको कुरा पहिले नै सार्वजनिक गरेकी थिइन् ।

भारतमा पत्रकार हत्याको शृंखलाको अहिलेसम्मको अन्तिम सिकार गत बुधबार मारिएका पत्रकार शन्तनु भौमिक बनेका छन् । उनलाई कुटपिट गरी निर्मम हत्या गरिएको थियो । राजनीतिक पार्टीबीच जारी रहेको द्वन्द्वको समाचार संकलन गर्न गएका उनलाई उक्त विरोध कार्यक्रममा सहभागी कार्यकर्ताले लाठीले हानेर हत्या गरेका थिए । उनी स्थानीय पत्रिकामा काम गर्ने समाचारदाता हुन् । प्रहरीले दलका कार्यकर्ताले कुटेर हत्या गरेको भनेको छ तर उनीहरूमाथिको कारबाहीका लागि प्रहरी सक्रियता भने कम भएको भारतीय पत्रकार जगतको गुनासो छ ।

गत अप्रिलमा अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रतासम्बन्धी अनुगमन गरिरहेको समूहले विश्वका १८० राष्ट्रमा गरेको अध्ययनबाट प्रकाशित प्रतिवेदनमा भारतलाई १३६औं श्रेणीमा राखेको थियो । प्रेस स्वतन्त्रता, समाचार संकलनमा सहजता, सञ्चारकर्मीको सुरक्षाजस्ता मापदण्डलाई आधार बनाई सो मूल्यांकन गरिएको थियो । भारतमा राष्ट्रवादको बहस चल्दा हिन्दू राष्ट्रवादी पत्रकारहरूलाई जहिले पनि 'अराष्ट्रिय' विचारधाराका अनुयायी भन्ने आरोप लागेको समेत उक्त समूहले जनाएको छ ।

पत्रकार समाचार संकलन तथा सम्प्रेषणका एक प्रमुख माध्यम हुन् । यस प्रकार गोली प्रहार गरेर, कुटपिट वा लाठी प्रहार गरेर वा विभिन्न यातना दिएर सञ्चारकर्मीको हत्या गर्नु एक जघन्य अपराध हो । घटनाको सत्य, तथ्य विवरण जनता वा पाठकसमक्ष सार्वजनिक गरी पाठकको मन जित्न सक्नु नै हरेक सञ्चारकर्मीको लक्ष्य हुन्छ । यही नै पत्रकारिताको प्रमुख धर्म पनि हो । सत्य, तथ्य विवरण सम्प्रेषण गर्ने क्रममा कतिपय समाचार वा विवरण मीठा हुन्छन् भने कुनै कुनै तीता वा पचाउन कठिन पनि हुने गर्छन् ।

निजी स्वार्थ वा आफ्ना नेता, समर्थक, आसेपासेहरूप्रति नतमस्तक वा अन्धभक्त रहने, आलोचना सुन्न नसक्ने दानवीय मनोवृत्तिका निश्चित समूह वा व्यक्ति आक्रोशित भएपछि सो आक्रोश बढ्दै गई अपराधमा परिणत हुने गर्दछ । यही दानवीय मनोवृत्तिले नै तोडफोड, विनाश वा व्यक्ति हत्यासम्मको अपराध सिर्जना गरिदिने गर्दछ ।

विश्वको सबैजसो देशमा पत्रकारको सुरक्षा कम हुने गरेका गुनासा प्रशस्त सुन्ने गरिन्छ । उनीहरूले कुनै पनि देशका पत्रकार निरीह र निहत्था हुने गरेका बताउने गरिएको छ । सञ्चारकर्मीको सुरक्षाको उचित व्यवस्था हुन नसकेको हो वा पत्रकारलाई समाचार सम्प्रेषणको सही व्यक्ति वा अंग मान्न इनकार गर्ने कारणवश सजिलै पत्रकार हत्या हुने गरेको पाइन्छ । पत्रकारलाई राज्यको चौथो अंग मानिन्छ तर त्यस अनुरूपको व्यवहार र सम्मान भने कतै दिने गरिएको पाइन्न ।

विश्वमा द्वन्द्वग्रस्त मानिएका देशमा यस वर्षको सुरुदेखि हालसम्म २५ जना प्रतिभाशाली पत्रकारको हत्या भइसकेको विभिन्न अन्तर्राष्ट्रिय सञ्चार माध्यमले जनाएका छन् । यद्यपि, यसमा भारतमा मारिएका पत्रकारको संख्या भने उल्लेख गरिएको छैन । भारतमा मारिएका पत्रकारसहित यसको संख्या २७ पुगेको छ । यस वर्षको सुरुदेखि अहिलेसम्म इराकमा ६, सिरियामा ४, मेक्सिकोमा ४, यमनमा २, रसियामा २, अफगानिस्तानमा १, दक्षिण सुडानमा १, फिलिपिन्समा १, पाकिस्तानमा १ र भारतमा २ जना पत्रकार मारिएको तथ्यांक छ । गतवर्ष विश्वभरमा ४८ जना पत्रकारको हत्या भएको पुष्टि भएको थियो । यीमध्ये सिरियामा १४, यमन र इरानमा ६/६, अफगानिस्तानमा ४, सोमालियामा ३, लिबियामा ३, टर्कीमा २, पाकिस्तानमा २ र मेक्सिकोमा २ जना पत्रकार मारिएका थिए ।

मेक्सिकोमा बितेका केही वर्षयता पत्रकार हत्याको क्रम बढ्दो छ । यसलाई स्वतन्त्र अन्तर्राष्ट्रिय संघसंस्थाले निकै दुःखद र पीडादायी भनी टिप्पणी गरेका छन् । सन् २००० यता २ सयभन्दा बढी पत्रकार मारिएका मेक्सिकोबारे केही समय पहिला प्रकाशित प्रतिवेदनमा जनाइएको थियो । पत्रकार जगतका लागि मेक्सिको विश्वकै एक अति जोखिमयुक्त देशका रूपमा रहेको समेत उल्लेख गरिएको छ । मेक्सिकोमा पत्रकारमाथि यति ठूलो संख्यामा हिंसाहत्या हुने गरेको भए पनि कुनै निकायबाट उचित सुनुवाइ नहुँदा दण्डहीनताको पराकाष्ठा नाघेको पत्रकारहरूको गुनासो छ ।

विश्वको कुनै पनि कुनामा जारी द्वन्द्वमा पत्रकारको हत्या गर्ने क्रम यथावत् चलिरहेको छ । पत्रकारहरू हिंसा, द्वन्द्व, प्राकृतिक प्रकोपलगायत हरेक घटनामा तथ्य बटुल्न अग्रस्थानमा पुग्नुपर्छ । तर पत्रकारलाई झुट खबर फैलाउने र कुनै पक्ष वा पार्टीको प्रचार साधनको आरोप लगाएर घृणा गरेको पाइन्छ

कुनै पनि घटनालाई सत्यनिष्ठापूर्वक जस्ताको तस्तै निष्पक्ष र स्वतन्त्रका साथ नागरिक माझमा ल्याउने अत्यन्त प्रभावकारी माध्यम पत्रकार हुन् । निष्ठावान् पत्रकार अमुक पार्टी, पक्ष र विपक्षको भन्ने हुनुहुँदैन । तर, विश्वको कुनै पनि कुनामा जारी द्वन्द्वमा यो ध्रुवसत्यलाई बिर्सेर पत्रकारको हत्या गर्ने क्रम यथावत चलिरहेको छ । पत्रकारहरू हिंसा, द्वन्द्व, प्राकृतिक प्रकोपलगायत हरेक घटनामा तथ्य बटुल्न अग्रस्थानमा पुग्नुपर्दछ । कतिपय स्थानमा पत्रकारको केही हदसम्म सम्मान पनि हुने गरेको छ । तर पत्रकारलाई झुठ खबर फैलाउने र कुनै पक्ष वा पार्टीको प्रचार साधनको आरोप लगाएर घृणा गरेको पाइन्छ ।

मारिएका पत्रकारहरूका आफन्त र यो पेसा व्यवसायीहरूले पत्रकारिता व्यवसाय अपनाएकै कारण मारिएकाहरूको हत्याराको खोजी गरी न्यायको कठघरामा उभ्याई दण्ड दिन माग गर्ने गरेका छन् । तर धेरैजसो राज्य अकर्मण्य वा उदासीन रहने गरेका कारण पनि पत्रकारका हत्यारालाई कारबाही हुने गरेको छैन ।

विश्वका पत्रकारको हक अधिकारको संरक्षणमा कार्यरत संस्थाहरूद्वारा हालै प्रकाशित एक प्रतिवेदनमा पत्रकार-हत्याका घटनामा संलग्नमध्ये कम्तीमा पनि ९० प्रतिशत माथि कारबाही हुने गरेको छैन । रिपोर्टर्स विदाउट बोर्डर्सका अनुसार विश्वका उच्च जोखिमहरूको सूचीमा पत्रकारमाथि हुने हिंसा तेस्रो स्थानमा पर्दछ ।

सिरियामा सन् २०११ को मार्चदेखि राष्ट्रपति बसर अल असादको राजीनामाको माग गर्दै सुरु भएको जनआन्दोलनको क्रममा हालसम्म ११० जना व्यावसायिक वा तटस्थ पत्रकार मारिएका दोहास्थित स्वतन्त्र पत्रकारहरूको पेशागत सङ्गठन (दोहा सेन्टर फर मिडिया फ्रिडम) ले अभिलेख राखेको छ ।

### जलवायु परिवर्तनको असर तीव्र

एसियाली विकास बैंक (एडीबी) र पोट्सड्याम इन्स्टिच्युटले गरेको एसियाली जलवायु जोखिमको पहिलो विस्तृत अध्ययनले जलवायु परिवर्तनविरुद्ध एसियाली सहरहरूले सबैभन्दा बढी संघर्ष गर्नुपर्ने देखाएको छ । यथार्थमा निरन्तर तात्नेक्रममा रहेको यस पृथ्वीमा भयावह दुष्परिणामहरू देखापर्नेछन्, जस्तै जलवायुसँग सम्बन्धित गम्भीर घटनाहरू, समुद्री सतह उकासिने, पर्यावरणका कारण सिर्जित आप्रवासन र सामाजिक तनावमा वृद्धि । यी घटनाक्रमहरू बढी मात्रामा सहरी इलाकाहरूमा देखापर्नेछन् ।

एसियामा यो मूल रूपमा सत्य साबित भइरहेको छ । यी सहरमा कुल जनसंख्याको आधाभन्दा बढी मानिस बसोबास गर्छन् र कुल आर्थिक उत्पादनको झन्डै ८० प्रतिशत स्थान ओगट्छ ।

सन् २०५० सम्ममा एसियाली सहरी जनसंख्या झन्डै दोब्बर भई ३ अर्ब पुग्नेछ । कुनै नयाँ जलवायु प्रयत्न नगरिए यस क्षेत्रका सहरहरूले आगामी २० वर्षभित्रै विश्व हरितगृह ग्याँस उत्सर्जनमा आधाभन्दा बढी हिस्सा लिनेछ । यस्तो गम्भीर परिदृश्यलाई पनि नजरअन्दाज गरी सामान्य ठान्ने प्रवृत्ति मौलाएको छ । तथापि जलवायु परिवर्तनको असरबाट सिर्जित खतराले यो परिदृश्यमा नयाँ संकट थपिदिएको छ र एसियाका पछिल्ला आर्थिक प्रगतिमै संकट निम्त्याउने किसिमबाट जलवायु परिवर्तनले भूमिका खेल्दै छ ।

जलवायु सिर्जित चुनौतीलाई सम्बोधन गर्न जति बढी समय लिइन्छ, त्यति नै भयावह स्थिति सिर्जना हुनेमा शंका छैन । साथै हामीले चेतावनी पनि खासै पाएका हुँदैनौं, किनभने जलवायु सिर्जित असरहरू सामान्यतया सोझो रेखाबाट हिँड्दैन र कुनै निश्चित बिन्दुमा पुग्नासाथ यो एकाएक ज्यादै शक्तिशाली रूपमा उत्पन्न हुन्छ ।

जहाँसम्म एकातिर एसियामा जलवायु प्रभावको आँकलन गर्नेतर्फ पर्याप्त काम हुन सकेको छैन भने अर्कोतर्फ जोखिमयुक्त क्षेत्रको सुरक्षालाई सबलीकृत गर्न वा हरितगृह ग्याँस उत्सर्जनलाई न्यून गर्न ज्यादै कम काम भएको छ । यस क्षेत्रमा थोरै जमिन, जलस्रोत र ऊर्जाको प्रयोगमार्फत न्यून कार्बनयुक्त वृद्धि रणनीति अबलम्बन गर्नु आवश्यक छ । यी रणनीतिहरूले तीव्र सहरीकरणलाई मत्थर बनाउन मद्दत गर्नेछ । सहरीकरणले स्वाभाविक रूपमा ज्यादै बढी निर्माण, सडक जाम र निजी सवारी खपत गर्छ जसको प्रभावस्वरूप सहरहरू 'तापीय खाल्डो'मा रूपान्तरण हुनेछन् ।

अहिलेकै मार्गमा अघि बढिरहे एसियाली जमिनको तापमान सन् २१०० सम्ममा ६ डिग्री सेल्सियसभन्दा बढीले वृद्धि हुनेछ, जुन पूर्वऔद्योगिक स्तरभन्दा बढी हो । मानिसमा विभिन्न किसिमका रोगको संक्रमण बढ्नेछ र ताप सिर्जित तनाव वा प्रदूषणका कारण श्वासप्रश्वास र अन्य स्वास्थ्य समस्याबाट मानिसको मृत्यु हुनेछ । मानवीय क्षतिका अलावा उच्च तापक्रमले कृषि र औद्योगिक उत्पादकत्वमा क्षति पुग्नेछ ।

जलवायु-सिर्जित आप्रवासनको तीव्र वृद्धिका कारण एसियाली सहरहरूले अर्को समस्याको सामना गर्नुपर्नेछ । पर्याप्त रोजगारी सिर्जना गर्न नसकिए यस्ता आप्रवासीहरू स्थायी रूपमै तल्लोस्तरका नागरिकमा दर्ज हुनेछन् । रोजगारी उपलब्ध भइहाले पनि जनसंख्याको भीडभाडले सहरी क्षेत्रमा गम्भीर संकट निम्तिनेछ ।

सहरी योजना र स्वास्थ्य सेवामा सुधार ल्याउन सहरी जनसंख्याका निम्ति वर्तमान एवं भावी तापीय-सहिष्णु स्तर मूल्यांकन गर्ने सहज र तथ्यपरक विधि हामीलाई जरुरी छ । हामीलाई सहरी तापीय तनाव घटाउने रणनीतिहरू पनि आवश्यक छन्, जसमा सहरको केन्द्रीय संरचनालाई विस्तार गरी नयाँनयाँ बस्ती बसाउने कार्य हुन सक्छ र प्राकृतिक सम्पदालाई जैविक-करिडोर र हरित स्थलमार्फत बचाउ गर्न सकिन्छ ।

तर जलवायु परिवर्तनबाट सिर्जित संकट तापमानको वृद्धि मात्र होइन । गम्भीर मौसमी अवस्था जस्तै : खडेरीदेखि बाढीसम्म तीव्र हुनेछ र यो दोहोरिने सम्भावना अझै बढ्नेछ । एसियामा, बढ्दो वर्षा र खतरनाक रूपका समुद्री आँधीले खाद्य उत्पादनमा ठूलो नोक्सानी पुग्नेछ र ग्रामीण क्षेत्रको आयआर्यजनमा प्रभाव पार्नेछ । उदाहरणका लागि श्रीलंकामा सन् २०५० सम्ममा धानको उत्पादन २० प्रतिशतसम्मले घट्नेछ भने फिजीमा कन्दमूलको उत्पादनमा ३६ प्रतिशतसम्मले गिरावट आउनेछ ।

श्रीलंकामा सन् २०५० सम्ममा धानको उत्पादन २० प्रतिशतसम्मले घट्नेछ भने फिजीमा कन्दमूलको उत्पादनमा ३६ प्रतिशतसम्मले गिरावट आउनेछ । स्वभावतः जनसंख्याले पहिल्यै भरिभराउ एसियाली समुद्री तटीय क्षेत्रहरूमा जोखिम सर्वाधिक छन् र उनीहरू पहिल्यैदेखि बाढीको तीव्र चपेटामा बाँचिरहेका छन् भने त्यो जोखिम थामिने अवस्थामा देखिन्न । बंगलादेश, भारत, फिलिपिन्स, भियतनामजस्ता मुलुकका तटीय इलाकामा बसोबास गर्नेहरूमा यो खतरा सन् २०६० सम्ममा दोब्बर हुनेछ । सन् २०५० भित्र बाढीका कारण तीव्र वार्षिक आर्थिक नोक्सानी बेहोर्ने अनुमान गरिएका विश्वका ठूलठूला २० सहरमध्ये एसियामै १३ वटा छन् ।

### सुकीको सर्वत्र आलोचना

म्यानमारको राखिन प्रान्तमा रोहिंग्या मुस्लिम समुदायका झन्डै ३ लाख मानिस बंगलादेश विस्थापित भएपछि रोहिंग्या समुदायका बारेमा संयुक्त राष्ट्रसंघीय मानवअधिकार निकायको गम्भीर ध्यानाकर्षण भएको छ । त्यसैगरी के भएको हो त राखिन राज्यमा भन्ने विषयमा संयुक्त राष्ट्रसंघ मानवअधिकार आयोगको मात्र होइन विश्व समुदायकै ध्यानाकर्षण भएको छ । यति ठूलो संख्यामा रोहिंग्या मुस्लिम समुदायका मानिस आफ्नो भूमिबाट पलायन भई शरणार्थीका रूपमा परदेशमा विस्थापित भएपछि यस समुदायमाथि भएको ज्यादतीको विषयमा संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्मा पनि छलफल भएको छ र सुरक्षा परिषद्का सदस्यले यस समस्यालाई छिट्टै समाधान गर्न आग्रहसमेत गरेको छ ।

त्यस्तै राष्ट्रसंघीय मानवअधिकार आयोगले विशेष जातिमाथि अत्याचार भएको र यो कार्य नियोजित रूपमा गराइएको भन्ने निष्कर्षसहित म्यानमार सरकारको ध्यानाकर्षण गराएको थियो । यद्यपि यस विषयमा म्यानमार सरकारले भने हालसम्म कुनै चित्तबुझ्दो प्रतिक्रिया दिएको छैन । सामान्यतः सरकारले उनीहरूमाथि त्यस्तो कुनै हिंसा नभएको दाबी गर्दै आएको छ । सरकारले हल्लाको पछि नलाग्न र देश छोडेर नभाग्न सबैसँग बारम्बार आग्रह गर्दै आए तापनि दुई सातादेखि चलिरहेको चरम हिंसाको चपेटामा परी करिब ३ लाखको संख्यामा रोहिंग्या समुदायका मानिस विस्थापित भई बंगलादेश पुगिसकेका छन् ।

केही समयपहिला रोहिंग्या मुस्लिम समुदायमाथि सरकारी सुरक्षाकर्मीबाटै भएको आक्रमणका कारण १०औं हजार व्यक्ति राखिन प्रान्तभित्रै विस्थापित भएका थिए । अत्याचारले सीमा नाघेपछि घरबार त्यागी देशै छाडेर भाग्न विवश भएको उनीहरूको दाबी छ । बिनाभय, त्रास यत्रो ठूलो संख्यामा आफ्नो ज्यानको बाजी लगाउँदै देशवासी आफ्नो देश, आफ्नो परापूर्वकालदेखिको बासस्थान छोडेर ज्यानको बाजी लगाउँदै पलायन भएका त पक्कै होइनन् होला भन्ने अड्कलबाजी यतिखेर संसारमा नै काटिँदै छ । म्यानमारकी बहुचर्चित प्रजातान्त्रिक नेत्री, नोबेल शान्ति पुरस्कार विजेता एवं हालकी विदेशमन्त्री तथा म्यानमारकी राज्य सल्लाहकार आङ सान सुकीले रोहिंग्या समुदायका नागरिकमाथि सरकारले ज्यादती गरेको भन्ने अन्तर्राष्ट्रियस्तरमै दुष्प्रचार मात्र भएको बताएकी छन् । उनले पछिल्लो समयमा म्यानमारका केही सामाजिक सञ्चार तथा विदेशी सञ्चार एवं सञ्जालले सैनिक ज्यादती भएको भन्ने गलत सन्देश प्रवाह गरिरहेका दाबी गरेकी छन् ।

*एजेन्सीहरुबाट*

## रोचक संसार

### कछुवा प्रेम



चिडियाखानामा रहेको एउटा भाले कछुवाले आफ्नी प्रेमिका पोथी कछुवालाई पाउनका लागि यस्तो बहादुरी देखायो कि सुन्दैमा नतमस्तक भइन्छ ।

भाले कछुवाको नाम हो, फ्रेडी । उसको उमेर ७० वर्ष छ । यो बेलायत अधिनस्थ जर्सी टापुको सबैभन्दा पुरानो सदस्य हो । स्थानीय सेन्ट म्यारीस्थित एक घरका मानिसले फ्रेडीलाई पालेका थिए । घरमा उसकी प्रेमिका एस्ट्रिड थिइन् । जसको उमेर थियो, जम्मा १५ वर्ष । जवान एस्ट्रिडलाई स्थानीय जर्सी चिडियाखानामा राख्नका लागि लगियो ।

भालेलाई जब आफ्नो प्रेमिकालाई अन्तै सारेको कुरा थाहा भयो, ऊ अचानक घरबाट गायब भयो । अचानक कछुवा गायब भएपछि घरमालिक तीनछक परे । एकजना बटुवाले उक्त कछुवालाई स्थानीय जर्सी चिडियाखाना नजिकैको चौरमा हिँडिरहेको देखेछन् । बिचरो फ्रेडी आफ्नी प्रेमिका राखिएको चिडियाखाना नजिकै पुगिसकेको थियो, तर उसलाई त्यहीँ रोकियो । उक्त कछुवालाई पछि उद्दार गरी कछुवा संरक्षण केन्द्रमा बुझाइयो । कछुवा संरक्षण केन्द्रले पछि यो कछुवालाई उसका मालिक जोआन्ने स्टान्टनलाई हस्तान्तरण गर्‍यो ।

अनौठो कुरा त के भने निकै ढिलो हिँड्ने यो कछुवाले आफ्नी प्रेमिका भेट्नका लागि १० किलोमिटर दूरी २४ घन्टामा पूरा गर्‍यो । प्रेमिका भेट्न कछुवाले पूरा गरेको यो म्याराथन दौड साच्चिकै प्रेमजोडीहरुका लागि उदाहरणीय रहनेछ ।

### गार्डलाई भूतको थप्पड

चौकिदारी गरिरहेको बेला सुरक्षा गार्ड सुत्यो भने के होला ? अवश्य पनि चोर छिर्न सक्छ वा सुतेको बेला हाकिमले देख्यो भने चौकिदारको जागिरै जानसक्दछ । तर भारतमा एउटा यस्तो होटेल छ, जहाँ रातमा ड्युटी गर्ने चौकिदार सुतेको थाहा पाउनासाथ भुतले थप्पड हान्छ ।

राजस्थानको कोटा सहरमा एउटा यस्तो डरलाग्दो होटेल छ जहाँ रातको समयमा ड्युटी गर्ने चौकिदारले निद्राको झप्को लिने कुरा चिताउन पनि सक्दैन । यदि भुलबस निदायो भने भूतले जोडदार थप्पड मार्दछ ।

चौकिदारलाई थप्पड हान्ने भूतलाई अहिलेसम्म कसैले पनि देखेको चाहिँ छैन । भूतले थप्पड हान्ने विषयमा मानिसका अनेकथरी तर्क छन् ।

स्थानीयका अनुसार उक्त होटेलमा बेलायती मेजरको आत्मा भड्किएको छ । उक्त आत्माले कसैलाई पनि नोक्सान पुर्‍याउँदैन, मात्र उक्त दरबार होटेलको निगरानी गर्दछ ।

उक्त आत्मालाई ड्युटीको समयमा कोहीपनि मानिस निदाएको मन पर्दैन अरे । समाचार अनुसार सन् १८५७ मा सिपाही विद्रोहका बेला उक्त दरबारमा एकजना बेलायती आवासीय मेजर चार्ल्स बुर्टन बस्दथे । विद्रोही सिपाहीहरुले बुर्टन र उनका दुई छोरालाई सोही होटेलमा आक्रमण गरी मारेका थिए । त्यसबेलादेखि उनै मृतक मेजरको आत्मा उक्त होटेल परिसरमा भड्किरहेको छ ।

### आत्मासँग नडराउने युवती

कुनै प्रेतात्मा वा भूत भन्ने बित्तिकै डर लाग्दछ । तर यो दुनियाँमा एउटा यस्ती युवती छिन् जो यस्ता डरलाग्दा भुतात्मासँग बस्न सिकेकी छन् ।

यी युवतीको नाम हो, रेबिका । उनी आफ्नो कुकुरसँग घरमा बस्छिन् । उनको घरमा दिनहुँ अनौठो खालको आवाज आउँछ । घरमा पहिले बस्ने गरेको कुनै मानिसको जस्तो हुन्छ रे आवाज । हालै एक दिन उनी आफ्नो कुकुरसँग सुतेकी थिइन् । अचानक कुकुरको आँखा खुल्यो र उसले कुर्सीतर्फ घुरेर हेर्न थाल्यो ।

त्यसबेला रातको २ बजेको थियो । अचानक टेलिभिजन आफैं अन भयो र बज्न थाल्यो । उनन तत्कालै आफ्नो मोबाइल फोनबाट केही फोटा खिचिन् । जब उनले तस्वीर हेरिन् तब झसंग पार्ने खालका थिए ।

यद्यपि, रेबिकाका छिमेकीहरुले भने उनको घरमा असाधारण घटनाहरु हुने गरेको भन्दै घरमा भूत रहेको हुनसक्ने बताउँछन् । त्यसैले भूतको पहिचान गर्नसक्ने मानिस ल्याएर घरको निरीक्षण गर्न लगाउन छिमेकीहरुले रेबेकालाई अह्राउने गर्दछन् ।

### बेहुलालाई दाइजोमा सर्प

बिहेमा बेहुली पक्षले बेहुलालाई दाइजोको रुपमा मूल्यवान चिजवस्तुहरु दिने गरेको त देखिएकै हो । तर यो दुनियाँमा यस्तो संस्कार पनि रहेछ जहाँ बिहेमा दाइजोको रुपमा बेहुलालाई विषालु सर्प दिइन्छ ।

छिमेकी भारतको मध्यप्रदेशस्थित गौरिया समुदायमा प्रचलित रहेको छ, बिहेमा सर्प दाइजो दिने प्रथा । सपेरो समुदायहरुले यो परम्परा सदियौंदेखि निर्वाह गर्दै आएका छन् । यो समुदायमा बेहुलीका पिताले बेहुला पक्षलाई सगुनका रुपमा २१ वटा विषालु सर्प दिन्छन् ।

सपेरो समुदायमा सर्पको ठूलो महत्व छ । सर्प दाइजो दिएपछि तिनै सर्प नचाएर ज्वाइँले छोरी पाल्न सक्छ भन्ने विश्वास गरिन्छ । छोरीको बिहे पक्का भएसँगै केटीका बुवा सर्पको खोजी गर्न थाल्दछन् र २१ वटा सर्प जम्मा पार्दछन् ।

### कति महँगो चामल

जापानी ब्राण्ड किन्नेमाई प्रिमियमले गएको वर्षदेखि उत्पादन गरेको चामल विश्वकै सबैभन्दा महंगो चामल भएकोमा बताइराख्नु परेन । तपाई अनुमान गर्न सक्नुहुन्छ यो चामल कति महंगो छ ?

यो चामल गत वर्ष नै गिनिज बुक अफ वर्ल्ड रेकर्डमा दर्ता भइसकेको छ । यसको मूल्य आम रुपमा प्रतिकेजी १४८ अमेरिकी डलर अर्थात करिब १५ हजार रुपैयाँ पर्छ ।

दुईमत छैन कि सिंगापुर बसोबासको दृष्टिले विश्वकै महंगो शहरमा पर्छ, र किन्नेमाई प्रिमियमले आफ्नो उत्पादन पहिलो पटक जापानबाट अन्य देशमा विस्तार गर्दैछ । यसका लागि उसले सिंगापुरलाई प्राथमिकता दिएको छ ।

सिंगापुरको द स्ट्रेट्स टाइम्सका अनुसार सिंगापुरमा यो चमल १४० ग्रामको ६ पोकालाई १५५ अमेरिकी डलर पर्ने गरी अनलाइनमा उपलब्ध हुनेछ । यति तपाई उच्च मूल्यको अनाजको स्वाद लिन चाहनुहुन्छ भने आजैबाट बचत गर्न सुरु गर्नुहोस् ।

तर, दुःखले कमाएको धन यति महंगो चमलमा खर्च गर्नुअघि यसको ब्राण्डबारे पनि जानकारी लिनुहोस् । किन्नेमाई प्रिमियम कोशिची र पिकामारुसहित पाँच चामलको मिश्रण हो । यसमा गुनमा, नागानो र निगाटा जस्ता चामलका गुणहरु मिश्रण गरिएको हुन्छ ।

### जुत्ता नपाउने खुट्टा

अमेरिकाको वारचेस्टर सहरमा बस्ने एम्मा चाहिलको उमेर १९ वर्षको छ । उनी अक्सफोर्ड ब्रुक्स विश्वविद्यालयकी छात्रा हुन् र उनी ५ फिट ५ इन्च अग्लो छ । एम्मा एक अनौठो समस्याबाट गुज्रिरहेकी छिन् । वास्तवमा उनको खुट्टाको साइज १४ नम्बर छ । यो सामान्य महिलाको खुट्टाको साइज भन्दा दोब्बर हो ।

एम्माका अनुसार उनलाई मिल्ने जुत्ता जर्मनीको एक ठाउँमा मात्र पाइन्छन् । उनले केही वर्षअघि उक्त पसलबाट ५ सय डलर बराबरको मूल्यमा पाँच जोर जुत्ता खरीद गरेकी थिइन् । अहिलेसम्म उनले तिनै जुत्ताले काम चलाइरहेकी छिन् ।

### कुकुरको किर्तिमान



सोसल मिडियामा अहिले एउटा कुकुर आफ्नो जिब्रोका कारण चर्चामा छ । चर्चामा पनि नहोस् किन ? आखिर विश्वकै लामो जिब्रो भएको कुकुर न पर्‍यो । मानिसले लामो जिब्रोका कारण किर्तिमान कायम गरेको त सुनिएकै हो । तर मोची मो नामक कुकुरले पनि आफ्नो जिब्रोका कारण गिनिज बुक अफ वर्ल्ड रेकर्डस्मा दर्ज भएको छ । मोचीको यो क्षमता गिनिज बुक अफ वर्ल्ड रेकर्डस् अमेजिंग एनिमल बुकमा सामेल भएको छ ।

अमेरिकाको साउथ डकोटामा बस्ने ८ वर्षको मोची मो रिकर्ट नामक कुकुरको जिब्रोको लम्बाई ७.३१ इन्च छ । यो सेन्ट बर्नाड नश्लको कुकुर हो । यो कुकुरकी मालिकनी कार्लाका अनुसार मोचीको त्यति लामो जिब्रो उनलाई अझैपनि पत्यार लाग्दैन । मोची निकै शान्त स्वभावको छ ।

*एजेन्सीहरुबाट*

प्रेरक

## देशभक्तको आवश्यकता

एकपटक अमेरिकाका राष्ट्रपति अब्राहम लिंकनले आफ्ना कट्टर आलोचकलाई रोजे, जो जहिले पनि उनीविरुद्ध केही न केही बोलिरहन्थे । एक दिन राष्ट्रपति लिंकनका एक साथी उनलाई भेट्नका लागि आए र रक्षामन्त्रीको कुरा गर्दै उनले सोधे- तपाईंले जुन मानिसलाई रक्षा मन्त्रालय सुम्पनुभएको छ, उसका बारेमा के तपाईंलाई राम्रोसँग थाहा छ ?

'हो, थाहा छ किन ?' के भयो र ? राष्ट्रपतिले आश्चर्य मान्दै सोधे । तब ती सज्जनले भने- हिजो एउटा सभमा उनले तपाईंमाथि व्यंग्य गर्दै भने- तपाईं हेर्दा दुब्लो पातलो गुरिल्ला जस्तो देखिनुहुन्छ । लिंकनले उत्तर दिए- 'हो यो सब आज मैले बिहानको समाचार पत्रमा पढिसकें ।' योभन्दा पहिलाको सभामा उनले तपाईंलाई भाँडको संज्ञा दिएका थिए । ती सज्जनले लिंकनलाई उकास्ने स्वरमा भने ।

'हो यो पनि मलाई थाहा छ' राष्ट्रपतिले मुस्कुराउँदै भने । यो सब सुनेपछि ती सज्जनले केही दिक्क मान्दै बोले- उनले अनेकौं पटक यसरी तपाईंको अपमान गरिरहेका छन् र यो सब तपाईंलाई राम्ररी थाहा भएर पनि यति महत्वपूर्ण पद सुम्पनुभएको छ । अरे साथी महत्वपूर्ण पदमा त बसाएको हो, कुनै गलत स्थानमा त हैन नि राष्ट्रपतिले मुस्कुराउँदै भने । तब ती सज्जन नराम्रोसँग रिसाउँदै बोले- तर तपाईं किन बुझ्नुहुन्न कि यसले तपाईंको प्रतिष्ठा खराब हुन्छ ?'

मैले केही बुझ्नुअगाडि तपाईं यो किन बुझ्नु हुन्न कि उनी एउटा योग्य प्रशासक हुन् । आफ्नो काम पूरा इमानदारी र निष्ठाले गर्छन् । रह्यो मेरो प्रतिष्ठटाको कुरा । यो त मेरो देशलाई मेरो बारेमा राम्रोसँग थाहा छ म के हुँ । अनि म यस्ता सानातिना कुराका कारण देशलाई एउटा कुशल रक्षामन्त्रीको सेवाबाट किन वञ्चित गरौं ? मलाई निजी भक्त होइन देशभक्तको आवश्यकता छ । राष्ट्रपतिले ती सज्जनलाई बुझाउँदै भने । यो सुनेर ती सज्जन चुपचाप त्यहाँबाट हिँडे ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

नयाँ काममा हात हाल्ने समय छ। सानो प्रयत्नले पनि राम्रो फाइदा उठाउन सकिनेछ। कृषिकर्म र व्यावसायिक काममा केही लगानीपछि फाइदा हुनेछ । प्रशस्त धन आर्जन गर्ने मौका छ। पराक्रम र उत्साह बढ्नेछ । उद्योग र व्यापारमा विशेष फाइदाको योग छ । प्रतिस्पर्धी परास्त होलान् । सहयोगीहरूले राम्रै साथ दिनेछन् र आँटेका काममा सोचेजस्तै सफलता मिल्नेछ ।

### बृष

व्यवहारले अरूलाई आकर्षण गर्ने बेला छ । मिहिनेत गर्दा सामान्य उपलब्धि प्राप्त हुनेछ । तर बलजफ्ती गर्ने बानीले पहिलेकै काम दोहोर्याउनुपर्ने हुन सक्छ । बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ । स्थायी सम्पत्तिमा पनि केही विवाद आउन सक्छ । मिहिनेत गरीकन चिताएको मूल्य प्राप्त नहुने देखिन्छ । अध्ययनमा त्यति समय दिन नसकिएला ।

### मिथुन

समयमा सजग नहुँदा महत्वाकांक्षी योजना बिग्रन सक्छ । व्यवहारमा केही चुनौतीहरू देखा पर्नेछन् भने अप्ठ्यारो परिस्थिति पनि सामना गर्नुपर्ला । आफ्नो क्षेत्रमा अरूले अधिकार जमाउन सक्छन् । खानपान र भेटघाटमा अलमलिनाले चिताएका काममा बाधा उत्पन्न होला । तापनि मिहिनेत गर्दा पछिका लागि फाइदा हुने काममा जग बसाउने अवसर प्राप्त हुने देखिन्छ ।

### कर्कट

समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला । आफ्नै बलजफ्तीले काम बिग्रन सक्छ । आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्ला । छर(छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुहोला । आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ । खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला । प्रयत्न गर्दा यात्राको प्रक्रिया भने अघि बढ्नेछ ।

### सिंह

मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ । तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ । आँटले काम सम्पादन हुनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ । विभिन्न भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ ।

### कन्या

प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । प्रतीक्षा गरिएको काम बन्न सक्छ । आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । कीर्तिमानी काम गर्ने समय छ । साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । सामाजिक दायित्व बढ्नेछ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ । व्यापार(मा पनि प्रशस्त फाइदा हुनेछ ।

### तुला

मिहिनेतले नयाँ जिम्मेवारी दिलाउनेछ । तर अरूकै काममा समय खर्चनुपर्ला । कामको चापले जीवनशैली व्यस्त रहनेछ । स्वास्थ्यमा ध्यान पुर्याउनुहोला । परिस्थिति अनुकूल रहे पनि सुविधाका लागि खर्चनुपर्ला । सुखदुःखमा साथ दिनेहरू थोरै हुनेछन् । सामाजिक उत्तरदायित्व प्राप्त भए पनि आफ्ना काम अवरुद्ध बन्न सक्छन् । बलजफ्तीले काम सम्पादन नहुन सक्छ ।

### वृश्चिक

पहिलेको समस्या दोहोरिने र अर्थ अभावले सताउने समय छ । स्वास्थ्यका लागि खानपानमा ध्यान पुऱ्याउनुहोला । सानातिना काममा अल्झनुपर्दा चिताएको काममा बाधा हुनेछ । चुनौतीहरूसँग सम्झौता गर्नुपरे पनि सहयोगीहरूले फाइदा दिलाउनेछन् । गोपनीयतामा विशेष ध्यान पुर्याउनुहोला । तत्काल लाभ नभए पनि पछिका लागि सकारात्मक संकेतहरू प्राप्त हुनेछन् ।

### धनु

पहिलेको सफलताले हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । काम बन्नुका साथै धनलाभ हुनेछ । बिछोडिएका आफन्तजनसँग रमाइलो भेटघाट हुन सक्छ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । विगतका कमजोरीलाई पनि सुधार गर्ने मौका छ । तर अधैर्य व्यवहारले आत्मसम्मानमा आघात पुर्याउन सक्छ, सजग रहनुहोला ।

### मकर

बल तथा बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ । रकम तथा भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । परिस्थितिसँग सम्झौता गर्नुपरे पनि प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ । प्रतिष्ठा जोगाउन सफल भइनेछ । मिहिनेतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ । लामो यात्राको प्रक्रिया अघि बढ्नेछ ।

### कुम्भ

परिस्थितिवश काममा बाधा पुग्न सक्छ । आफ्ना कामबाट अरूले फाइदा उठाउन सक्छन् । स्वास्थ्य(चिन्ताले सताउला । अध्ययनमा बाधा हुनेछ भने अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला । चिताएको काम रोकिनाले लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । अप्रिय समाचारले मन खिन्न रहनेछ । समयतालिका नमिल्दा योजना अधुरै रहनेछ । हल्लाको पछि लाग्दा व्यर्थैमा दुस्ख पाइनेछ ।

### मीन

बेसुरमा वचन दिने बानीले अप्ठ्यारोमा पार्न सक्छ । ईर्ष्या गर्नेहरूले सताउन सक्छन् । महत्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुपर्ला । साझेदारीमा देखिने समस्याले पहिलेको सम्झौता भंग हुन सक्छ । स्वार्थका लागि साइनो गाँस्नेहरूबाट सजग रहनुहोला । बुद्धिको उपयोग गर्दा भैपरी आउने समस्या सुल्झाउन सकिनेछ । आजको श्रमबाट पछिलाई फाइदा पुग्न सक्छ ।

## क्यारिकेचरका बादशाह

अभिनय गर्नु र अरुको दुरुस्तै नक्कल गर्नु वा क्यारिकेचर गर्नु भिन्न कुरा हुन् । तर यी दुई बीचको सम्बन्ध भने एक अर्कामा सम्बन्धीत छ । नेपालमा पनि क्यारिकेचर विधा हाँस्यव्यंग्य विधाको रुपमा विस्तार हुन थालेको छ । नेपालमा क्यारिकेचरको सुरुवात गर्ने साम्दे शेर्पा र शैलेन्द्र सिम्खडा हुन भनिन्छ । तर उनीहरुले यसैलाई पूर्णकालिन समय दिन नसक्दा हराएका थिए । तर त्यसपछि चर्चामा आएका कलाकार हुन् मनोज गजुरेल । मनोज गजुरेल नेपालमा क्यारिकेचर गर्नेहरुको अभिभावक बनिसकेका छन् । उनी कुनै फिल्म वा सिरियलमा अभिनय नगरे पनि स्टेज र गाईजात्रे कार्यक्रममा क्यारिकेचर गरेरै जमिरहेका छन् । खासगरी माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको क्यारिकेचरका कारण मनोज चर्चामा आएका थिए । उनले पूर्व राजा ज्ञानेन्द्र, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी को पनि दुरुस्तै नक्कल गर्छन् । यसै वर्ष उनले अमेरिकि राष्ट्रपति डोनाल्ड ट्रम्पको पनि दुरुस्तै नक्कल गरे । जस्का कारण उनी विश्वभरका मिडियामा समाचारको हेडलाईन पनि बने । नेपालमा उनी मात्रै यस्ता ब्यक्ति हुन् जस्ले आवाज, भेषभुषा र हाउभाउको पनि दुरुस्तै नक्कल गर्छन् । तर पछिल्लो पुस्तामा केही युवा क्यारिकेचरमा निकै जमेर लागेका छन् । दशकअघिदेखि क्यारिकेचरले परिचय बनाइसकेका राजा राजेन्द्र भने स्थापित भइसके । ओखलढुंगाको मानेभन्ज्याङ गाउँपालिका-२ वाक्सामा जन्मिएका सुमन कार्की पनि अहिले क्यारिकेचरमा जमिरहेका छन् । मनोजको सिको गर्दै पछिल्लो पुस्ता पनि विस्तारै क्यारिकेचरमा होमिदै छ । क्यारिकेचर तर्फको आर्कषण बढेसँगै अब क्यारिकेचर नयाँ विधाको रुपमा नेपालमा स्थापित हुन थालेको छ । हाँस्यव्यंग्य क्षेत्रको सशक्त माध्यम बन्न थालेको छ यो विधा । त्यसैले नयाँ पुस्ताका क्षमतावान कलाकारहरु यो क्षेत्रमा प्रवेश गर्दैछन् ।

## अरुणिमाले गरिन् डिभोर्स

अमेरिका बस्दै आएकी अभिनेत्री अरुणिमा लम्सालले पति अमित अर्यालसँग डिभोर्स गरेकी छन् । उनले पति अमित अर्यालसँगको १२ वर्ष लामो वैवाहिक सम्बन्धलाई टुंग्याएको अरुणिमा निकट एक फिल्मकर्मीले बताएका छन् । अमेरिकाकाको मेरिल्याण्डमा बस्दै आएकी अरुणिमा विगत एक वर्षदेखि छुट्टै बस्दै आएकी थिईन् । अमेरिकाको मेरिल्याण्डको कानुन अनुशार डिभार्स गर्नका लागि पति वा पत्नी एक वर्षसम्म छुट्टै बस्नुपर्ने नियम छ । एक वर्षसम्म छुट्टै बसे मात्र कानुनि प्रक्रियामा गएर औपचारिक रुपमा डिभोर्स हुने त्यहाँको नियम छ । त्यसैले अरुणिमा पतिलाई छाडेर आफ्नी छोरी र बाबुआमाका साथमा बस्न थालेकी छन् ।

## दुर्घटनामा रेखा

नायिका तथा नेतृ रेखा थापाको कार दुर्घटना भएको छ । राजधानीको चावहिलमा रेखा चढेको कारलाई मालबाहक ट्रकले ठक्कर दिएको हो । केहिबेर अघि भएको दुर्घटनाबाट रेखा थापालाई केहि नभएपनि कारमा भने केहि क्षति पुगेको छ । रेखा र ट्रक चालक अहिले प्रहरी वृत गौशालमा छन् ।

टिभी फिल्मीबाट अर्न्तवार्ता दिएर अम्बे अपार्टमेन्ट फर्कदै गर्दा रेखाको कारलाई ट्रकले ठक्कर दिएको हो । दुर्घटनापछि हामीसँगको छोटो कुराकानीमा भनिन्, 'मरिसकेको थिएँ, धन्न बाँचे' । उनको चलचित्र 'रुद्रप्रिया' आगामी कार्तिक २ गते लक्ष्मीपुजाको दिन प्रदर्शनमा हुदैंछ ।

## "छक्का पन्जा ३" बन्ने

चलचित्र 'छक्का पन्जा र छक्का पन्जा २' ले व्यापारिक रुपमा नयाँ रेकर्ड राखे । 'छक्का पन्जा' सँग सर्वाधिक कमाउने चलचित्रको रेकर्ड मात्र बाँकी छ भने अन्य सबै रेकर्डलाई 'छक्का पन्जा २' ले तोडिसकेको छ ।

दुबै चलचित्रमा मनग्गे मुनाफा भएपछि चलचित्रका निर्माता दीपकराज गिरी र निर्देशक दीपाश्री निरौला यो नामबाट बाहिरने मुडमा छैनन् । यसैले, अब चलचित्र 'छक्का पन्जा ३' निर्माणको समेत घोषणा गरिएको छ ।

चलचित्रका लेखक, निर्माता तथा कलाकार दीपकराज गिरीले भने- 'हो, अब हामीले छक्का पन्जा ३ निर्माणको तयारी थाल्दैछौ । मह जोडीले निर्माण गर्न लागेको चलचित्र 'शत्रु गते' लगतै यसको काम सुरु हुनेछ ।' 'शत्रु गते'मा दीपक र दीपाले अभिनय गर्दैछन् भने दीपकले यसको पटकथा लेखिरहेका छन् ।

## "इन्टु मिन्टु" को छायांकन रोकियो ?

नायिका साम्राज्ञी राज्यलक्ष्मी शाहलाई बेलायतले नपत्याएपछि बिग बजेटको फिल्म 'इन्टु मिन्टु लन्डनमा' को छायांकन रोकिएको छ । काठमाडौं र लन्डनमा छायांकन हुने यो फिल्ममा साम्राज्ञी मुख्य भूमिकामा छिन् । साम्राज्ञीले नेपालस्थित बेलायती दूतावासमा भिसा आवेदन दिनु अगाडि नै फिल्मको निर्माण घोषणा गरिएको थियो ।

फिल्ममा साम्राज्ञीको अपोजिटमा देखिन लागेका धिरज मगर भने बेलायतमा बस्ने गर्छन । स्रोतका अनुसार साम्राज्ञीको भिसा आवेदन अस्वीकृत भएपछि फिल्मको छायांकन रोकिएको हो । साम्राज्ञीसहित करीब १० जनाको भिसा बेलायती दूतावासले रद् गरेको खबर छ । बेलायतले भिसा नदिँदा साम्राज्ञीले 'ए मेरो हजुर २' को प्रमोशनमा राम्रै दौडिने समय पाएकी थिइन् । 'इन्टु मिन्टु लन्डनमा'को छायांकनका लागि बेलायत जान नपाएपछि अहिले उनी नेपालमा नै छिन् । फिल्मकी निर्देशक रेनाशा वान्तवा राई र कलाकार तथा पत्रकार दिलभुषण पाठक भने फिल्मको छायांकन नहुने भएपछि १ महिने बेलायत बसाईपछि नेपाल फर्किएका छन् । फिल्ममा दिलभुषण पाठकले साम्राज्ञीको पिताको भूमिका निर्वाह गर्दैछन् ।

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Awl = प्वाल पार्ने चुच्चो औजार He used an awl to pierce additional hole in his leather belt (पेटीमा अतिरिक्त प्वाल बनाउनका लागि उसले चुच्चो परेको औजार प्रयोग गऱ्यो)

Blurt = सोच्दै नसोची फ्याट्ट सुनाउनु He blurted out the bad news before she could stop him (उनले रोक्नुभन्दा अगाडि नै उसले नराम्रो समाचार फ्याट्ट सुनाइदियो)

Cumulative = जोड्दा बढ्दै जाने Vocbulary building is a cumulative process (शब्दको ज्ञान प्रयोग गर्न जान्दा बढ्दै जाने प्रक्रिया हो)

Diverge = एउटै विन्दुबाट फरक दिशातर्फ लाग्नु वा उछिट्टिनु As our views diverge we can not come to one point (जब हाम्रा विचारहरू फरक दिशातर्फ लागिसकेका छन् भने हामी मिलन बिन्दुमा आउन सक्दैनौं)

Extant = चलनचल्तीमा रहनु, अझै पाइनु Although this is book is out of print, some copies are still in extant (यो किताव छापिन बन्द भए तापनि यसका केही प्रतिहरू अझै पाइन्छन्)

Fraught = पूर्ण Since this industry is fraught with danger, I suggested him to resign as soon as possible (यो उद्योग खतरापूर्ण भएको हुँदा मैले उसलाई जागिरबाट राजीनामा दिने सल्लाह दिएँ)

Gorge = गलगिद्ध भएर खानु She gorged in such a way as if she had not eaten for many days (धेरै दिनसम्म खान नपाएकोझैं गरी तिनले गलगिद्ध खाइन्)

Heckler = अर्कालाई निरुत्साहित गर्ने Heckler keeps on interrupting other with rude remarks (अर्कालाई निरुत्साहित गर्ने व्यक्तिले असभ्य पाराले अरुलाई बाधा दिन्छ)

Headstrong = लिंढे, अर्काको कुरा नसुन्ने I do not like such a headstrong girl (मलाई यस्तो लिँढे केटी मनपर्दैन)

Inured = बानी पर्नु Having lived for a month at a height of 6000 mt . he is inured to cold (६ हजार मिटरको उचाइमा महिनौं बसिसकेपछि उसलाई जाडो खप्ने बानी पऱ्यो)

## सामान्य ज्ञान प्रश्नोत्तरहरू

विश्वमा सगरमाथा पुग्ने प्रथम महिला को हुन् ?
- जुन्कोतावेइ

पृथ्वीको तौल कति अनुमान गरिएको छ ?
- ६० करोड टन

विश्वको सबभन्दा ठूलो विमानस्थल कुन देशमा छ ?
- साउदी अरेबिया

अक्सिजनबिना सगरमाथा आरोहण गर्ने प्रथम महिला को हुन् र कुन देशकी हुन् ?
- हायरचि कावामरा र सोमि सुजुकी, जापान

चाँदी र सुनलाई पगाल्न कति कति डिग्री तापक्रमको आवश्यकता पर्छ ?
- ६० र १६३

विश्वमा सबभन्दा धेरै मानिस अटाउने हवाईजहाज कुन हो ?
- बोइङ ७५७

आवाजभन्दा छिटो दौडने हवाईजहाज कुन हो ?
- कन्कर्ड

विश्वको सबभन्दा ठूलो पानीजहाज कुन हो ?
- क्विन एलिजाबेथ

विश्वको कुन देशमा धातुको सिक्का छैन ?
- पराग्वे

महिलालाई सबभन्दा पहिले भोट दिने अधिकार कुन देशले दियो ?
- फ्रान्स

फेसन र श्रृंगारको लागि विश्वप्रसिद्ध देश कुन हो ?
- फ्रान्स

विश्वको सबभन्दा ठूलो घुमिरहने जलपान गृह कुन देशमा छ ?
- अष्ट्रेलिया

सबभन्दा ठूलो फुल कुन चराको हुन्छ ?
- शतुर्मृग

माछाको घरलाई के भनिन्छ ?
- कुर

मोटरगाडीले फालेको धूवामा कुन चाहिँ ग्यास हुन्छ ?
- कार्बन मोनोअक्साइड

## फरक थाहा पाई राख्नुहोस्

Varied = किसिम किसिमको His experiences are varied उसका अनुभवहरू किसिम किसिमका छन्

Various = थुप्रै He has traveled various part of Europe उसले युरोपका विभिन्न ठाउँ घुमेको छ)

Venial = क्षमा दिन सकिने For venial crime one should not be detained क्षमा दिन सकिने अपराधका लागि कसैलाई पनि समातिहाल्न हुँदैन ।

Venial=अनियमित।नियमविपरित For having entered into venial agreement, the administrator was charged for corruption नियमविपरीत सम्झौता गरेको हुँदा प्रशासकलाई भ्रष्टाचारको अभियोग लगाइयो)

Vernacular= मौलिक । बोलिचालिको Uneducated people speak vernacular language नपढेका मानिसहरू बोलिचालिको भाषा बोल्छन् ।

Dialect = भाषिका The Newars of Valley speak different dialects in their respective places उपत्यकाका नेवारहरू आफ्ना ठाउँमा आफ्नै भाषिका प्रयोग गर्दछन ।

Wait for = कसैलाई पर्खनु I have been waiting for you for two hours दुई घन्टादेखि म तिमीलाई पर्खिरहेको छु ।

Wait on = प्रतिक्षामा रहनु He waits on me for the dinner बेलुकीको खानाका लागि ऊ मेरो प्रतिक्षामा रहन्छ ।

Wait up for = नसुती पर्खिरहनु She waits up for me until I go back home (म घर नफर्कुञ्जेलसम्म तिनी नसुती मलाई पर्खिरहन्छिन्)

### सुडोकु-अंक ७३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | १ | | २ | | ६ | | ४ | ८ |
| | २ | | | | | | ५ | |
| | | | ८ | ९ | ५ | | | |
| ८ | | ४ | | ७ | | ६ | | ५ |
| | ७ | | | | | | | |
| २ | | १ | | ८ | | ४ | | ७ |
| | | | ७ | ४ | १ | | | |
| | ३ | | | | | | ६ | |
| १ | ५ | | ६ | | ३ | | ७ | ४ |

### अंक ७२ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | १ | ८ | ७ | ३ | ४ | ९ | ५ | ६ |
| ६ | ७ | ५ | ९ | १ | ८ | २ | ३ | ४ |
| ४ | ३ | ९ | ६ | ५ | २ | १ | ७ | ८ |
| ३ | २ | ६ | ८ | ४ | ५ | ७ | ९ | १ |
| ५ | ४ | ७ | १ | ९ | ६ | ८ | २ | ३ |
| ९ | ८ | १ | ३ | २ | ७ | ६ | ४ | ५ |
| ८ | ५ | ३ | २ | ६ | ९ | ४ | १ | ७ |
| १ | ६ | २ | ४ | ७ | ३ | ५ | ८ | ९ |
| ७ | ९ | ४ | ५ | ८ | १ | ३ | ६ | २ |

# सशक्तिकरण कार्यक्रमका लागि नाटक प्रदर्शनी





बेलकोटमा कचहरी नाटक प्रस्तुत गर्दै



गोर्स्याङ्मा नाटक प्रर्दशनका झलकहरू



गोर्स्याङ्मा नाटक प्रर्दशनका झलकहरू





खड्ग भञ्ज्याङमा नाटक प्रस्तुत गर्दै





कुमरीमा नाटक प्रस्तुत गर्दै



मदानपुरमा नाटक प्रस्तुत गर्दै

## कचहरी नाटक 'बाटुलीको व्याथा' प्रदर्शनी

बाल विकास समाजले नुवाकोट जिल्लाका मदानपुर, कुमरी, बेलकोट, खड्गभञ्ज्याङ्ग र गोर्स्याङ्ग साविकका ५ वटा गा.वि.स.मा रहेका किशोरकिशोरीहरुलाई सशक्तिकरण गर्नका लागि भूकम्प प्रभावित जिल्लाका किशोरकिशोरी सशक्तिकरण कार्यक्रम संचालन गरिरहेको छ । युनिसेफको आर्थिक सहयोग तथा कन्सोर्टियम नेपालको सझेदारी र सहकार्य समाज नेपालको समन्वयमा संचालित यस कार्यक्रम अन्तर्गत भाद्र महिनामा एक वटा गा.वि.स.मा २ वटा स्थानमा प्रदर्शनी गरी जम्मा १० वटा कचहरी नाटक प्रदर्शनी सम्पन्न भएको छ । तालिम प्राप्त स्थानीय कलाकारहरुबाट जनचेतनाको लागि समुदायमा रहेका समस्या तथा सवालहरुको विरुद्ध बाटुलीको व्यथा नामक नाटक प्रदर्शनी भएको हो । दर्शकहरुले समेत प्रत्यक्ष सहभागिता जनाउन पाउने अन्तरपुस्ता संवाद कचहरी नाटकका माध्यमबाट बालबालिका तथा किशोरकिशोरीहरुको समग्र विकास र संरक्षणका लागि आफ्नो समुदायमा जनचेतना जगाउने कार्य गरेको छ । १० स्थानमा गरिएको प्रशर्दनीका समयमा एक हजार भन्दा बढि दर्शकहरुको उपस्थिती रहेको थियो ।

नाटक प्रदर्शनीका लागि १३ जना कलाकार सहभागी भएका थिए । नाटकमा ३ जनाको श्यामेको परिवार र ३ जनाको सान्नानीको परिवार मुख्य पारिवारिक भूमिकाको रुपमा रहेको थियो । त्यसै गरी भट्टी साहुनी, जँड्याहा साथी रामे, प्रेममा परी कुलतमा लाग्ने केटा, लमी (पुरोहित) सामाजिक परिचालिका अन्य पारिवारिक भूमिकामा रहेको थियो । १० वटा दृश्य भएको यस नाटक करिब ४५ मिनेटको रहेको थियो ।

गरिब परिवार श्यामेको १४ वर्षकी छोरी बाटुली पारी गाउँको एउटा केटासँग फेसबुकको माध्यमबाट प्रेममा पर्छिन् । घरमा बाले जहिले पनि रक्सी खाएर आएर आमा र आफूलाई पिट्ने गर्नाले उसलाई छिटो भगाएर लैजान आग्रह गर्छिन् । तर त्यसो नभइ केही समयपछि सान्ननीको छोरासँग लमीले कुरा मिलाईदिएपछि मागी तर जबर जस्ती बाटुलीको विवाह गरिदिन्छन् । त्यस समयमा सामाजिक परिचालकले सानो उमेरमा विवाह गर्न नहुने र पछि पछुताउनु पर्नेकुरा बुझाउँछन् तर उनीहरुले बुझ्दैनन् । बाटुलीको विवाह पश्चात प्रेममा परेको केटा जाँड रक्सीको कुलतमा फस्छ । त्यस समयमा बाहिरका दर्शकहरुले उसलाई यो सानो उमेरमा कुलतमा नफस्न सल्लाह दिन्छन् र सुरक्षित हुन्छ । विवाहको केही दिनदेखि नै बाटुलीलाई सासु(सान्नानी) र श्रीमान् र उसकी बहिनीले कुटपिट गर्ने, माइत गएर आउँदा पनि बाहिरका केटा भेट्न गएको भनि शंका गरी शारीरिक तथा मानसिक दुर्व्यवहार गर्दछन् । छिटो गर्भवती भएकोले घरमा काम गर्न पनि गाह्रो हुन्छ । फेसबुक, म्यासेन्जर र मोवाइलको दुरुपयोग गर्नाले बाटुलीको छिटो विवाह भएको र दुःख पाएको कुरा उनका साथीहरुले कुरा काट्छन् र यसो गर्न नहुने रहेछ भन्नेकुरा बुझ्छन् । सासुले हेला गर्ने, हिँसा गर्ने, राम्रो ख्याल नगर्ने क्रममा नै बाटुलीलाई प्रसुती व्यथा लाग्छ र बच्चा जन्माउन नसकी उसको मृत्यु हुन्छ । त्यस समयमा सामाजिक परिचालिकाले बाल विवाह र घरेलु हिँसाका कारण उसले ज्यान गुमाउनु परेको कुरा उनीहरुलाई बुझाउँछिन् । सबै जना रुन लाग्छन् । बाल विवाह गर्ने परिवारका सासु, श्रीमान र अरु सबैलाई बाहिरका दर्शकहरुले पालैपालो आएर त्यसो गर्नाले आज यो अवस्था भएको कुरामा सम्झाउँछन् र नाटकको अन्त्य हुन्छ ।

कचहरी नाटक प्रस्तुत गर्ने शैली, मनोरन्जन, कलात्मक रुपमा दिइएको सन्देश, नाटकको अन्त्यको कारुणिक दृश्यले दर्शकलाई वास्तविक समस्या र सवाल विरुद्ध लाग्नुपर्ने कुराको महसुस गराइएको थियो ।

नाटकमा बेलकोटबाट कमल ओझा, लक्ष्मी भट्ट, सुनिल ओझा, मनिषा पौडेल, कुमरीबाट निशा पुडासैनी, प्रदिप न्यौपाने, सिर्जना न्यौपाने, मदानपुरबाट प्रतिक्षा लोहनी, अप्सरा सेढाई, दिपेश सेढाई, खड्गभञ्ज्याङ्गबाट उद्धवराज रिमाल, गोर्स्याङ्गबाट जनक घिमिरे र सम्झना वि.क.को बेजोड प्रस्तुती रहेको थियो । संस्थाका कार्यक्रम व्यवस्थापक प्रदिपकुमार श्रेष्ठबाट नाटकको समयमा सुत्रधारको भूमिका निर्वाह गर्ने र नाटकको लागि समन्वय तथा व्यवस्थापन गर्ने कार्य भएको थियो । प्रदर्शनी पश्चात दर्शकहरुमा यस्ता नाटकका माध्यमबाट समाजका समस्याहरु समाधान गर्न सहयोग पुग्ने कुरासहित उत्साहजनक प्रतिक्रिया पाइएको थियो ।



मदानपुरमा नाटक प्रस्तुत गर्दै

**प्रस्तुती : प्रदिपकुमार श्रेष्ठ/गोविन्द वि क**

## चुनाव...

बीपीले भारत नछोडे उनलाई पनि थुन्ने चेतावनी गान्धीले दिएपछि बीपी कथित राष्ट्रिय मेलमिलापको नीति बोकेर काठमाडौं फर्किएका थिए । त्यहाँदेखि बिग्रिएको कांग्रेस आईसँगको सम्बन्धमा अहिलेसम्म सुधार आउन सकेको छैन । गिरिजाप्रसाद कोइरालालाई सोनिया गान्धीले पछि भेट समेत दिइनन् । भारतमा कांग्रेस आईको सत्ता गुमेपछि भारतीय जनता पार्टी बहुमतमा आयो र नरेन्द्र मोदी प्रधानमन्त्री बने । सुशील कोइराला पनि अनुदार बनेको मोदी प्रशासनले नेपालमा आफ्नो एस म्यानका रुपमा देउवालाई रोज्यो । देउवालाई पार्टी सभापति जिताउन खुमबहादुर खड्कामार्फत मोदी प्रशासनले ठूलो लगानी गऱ्यो । देउवालाई प्रधानमन्त्री बनाउनकै लागि एमाले माओवादी केन्द्र गठबन्धन भत्कायो र कांग्रेस माओवादी नयाँ समीकरण बनायो । प्रचण्ड प्रधानमन्त्री नभई देउवा प्रधानमन्त्री बन्ने चान्स नभएका कारण आलोपालोको तर्जुमा गरियो । भारतकै दबाबमा प्रचण्डले देउवालाई सत्ता हस्तान्तरण गरेका थिए । स्थानीय तह निर्वाचनमा कांग्रेस माओवादी तालमेल पनि भारतकै निर्देशनमा भएको थियो । तर केन्द्रको तालमेल स्थानीय कार्यकर्ताले रुचाएनन् । वामपन्थी र दक्षिणपन्थी बीचको अप्राकृतिक गठबन्धन लामो समय टिक्न सक्दैनथ्यो । भारत नेपाल समृद्ध नहोस् भन्ने चाहन्छ । नेपालमा राजनीतिक स्थिरता कहिल्यै नहोस् त्यसमा आफूले खेल्न पाइरहुँ भन्ने भारतको चाहना छ । भारत नेपाललाई सके सिक्किम नसके भुटान बनाउन चाहन्छ । नेपालको संविधानप्रति उसको रिजर्वभेसन त्यही कारण हो । अर्को छिमेकी मुलुक चीन नेपाल आर्थिक रुपले समृद्ध बनोस् भन्ने कामना गर्छ । राजनीतिक स्थिरता र विकास चीनको चाहना छ । चीनले खुला दिलले नेपाललाई हरेक क्षेत्रमा सहयोग गरिरहेको छ । तर नेपालमा बन्ने प्रोइन्डियन गभर्मेन्टका कारण चीनले दिएको समेत लिन हिच्किचाउने गरिएको छ । नेपालमा चीनकै झैं एक कम्युनिस्ट पार्टी भए त्यसले निर्वाचनमा सर्वाधिक बहुमत ल्याउने स्थिर सरकार बन्ने र नेपालमा चिनियाँ लगानीको सुरक्षा सम्बर्द्धन हुने बेइजिङको विश्लेषण छ । आफ्नो महत्वाकांक्षी परियोजना ओबरमा नेपालले हस्ताक्षर गरे पनि त्यसको कार्यान्वयनमा नेपाल सरकार उदास रहेको चिनियाँ बुझाइ छ ।

वाम गठबन्धन बनेसँगै आसन्न निर्वाचनमा बाम वर्चस्व रहने अनुमान गरिएको छ । स्थिर बाम सरकार बनेमा चीन र भारत दुवैसँग समदुरीको कूटनीतिक सम्बन्ध राखेर नेपालले समृद्धिको मञ्जिल चुम्ने सम्भावनालाई कसैले पनि इन्कार गर्न सक्दैन ।

## चीनविरोधी...

भन्दा पूर्व प्रधानमन्त्रीहरु चन्द्रशेखर, पीभी नरसिंह राव पनि अमेरिकी एजेन्ट नै हुन् जसले तमिल गुरिल्ला संगठन लिट्टेसँग गठजोड गरेर राजीव गान्धीको हत्या गराएका हुन सक्छन् । अमेरिकी पत्रिका युएस न्युज एन्ड वर्ल्डले लेखेअनुसार सीआईएले पाकिस्तानको पेशेवर क्षेत्रबाट सन् १९६९ मा चीनको सामरिक क्षमता बुझ्न ठूलो अभियान चलायो । रसुवा जिल्लाको यबिल हिमाल र गणेश हिमालको बीचमा पर्ने च्याम्कीपास छेउमा जासुसी विमान यु-२ अवतरण हुन सक्ने गरी चौर सम्याई सीआईएले उक्त विमान त्यहाँ समय समयमा उतार्ने गरेको आशंका समेत गरिएको छ ।

सन् १९७९ मा सीआईएले 'प्रोजेक्ट ब्रह्मपुत्र' नामक अभियान चलायो । यस अभियानलाई नेपालका चीन विरोधी व्यक्तिहरुले खुलेरै स्वागत गरेका थिए । त्यसबेला नेपालबाट गतिविधि बढाउन फादर रुबियो खटिएका थिए । आसामी लेखक केशव सेन शर्माका अनुसार रुबियोको ठाउँमा सन् १९८२ मा डा. बुल्जुलाई ल्याइयो र सिलाङमा एक इसाई मेसिनरीमा फादरको नामले राखियो । तर उनी बढी समय नेपालमै बिताउँथे । त्यसबेला नेपालमार्फत चीन विरोधी अभियानमा खटिएका सिआईए अधिकारीहरुमा केनवर, जेम्स एडवर्ड गडमेन, मिनरन विनर, सी रावर्ट हार्डरेग्रेज र एडवर्ड जी ग्रिफिस थिए । यिनीहरु भारत र नेपाल आईजाई गरिरहन्थे । रअको सन् १९८९ को रिपोर्टअनुसार हार्डरेग्रेजले इन्दिरा गान्धीको हत्याको योजना तयार पारी नेपाल छिरेका थिए ।

सर रेसिनाल्ड कुपलेडद्वारा लिखित 'बेलायती उपनिवेश' भन्ने पुस्तकको भाग २ मा उल्लेख भएअनुसार नेपाल सार्वभौम सत्ता सम्पन्न देश हो । तर सरकार सञ्चालन स्वतन्त्र छैन, स्वतन्त्र राष्ट्रको हैसियत राख्दैन । जति व्यक्ति सत्तामा रहन्छन्, सबै छुट्टाछुट्टै राष्ट्रको मानसिक उपनिवेशवादभित्र हुन्छन् । राज्य सञ्चालन पद्धतिले स्वतन्त्र राष्ट्रको हैसियत देखाउँदैन भनिएको छ । यसरी विभिन्न समयमा चीन विरोधी अभियान सञ्चालन गर्दै आएका सिआईए र रअले अहिले पनि नेपालमा खुला गतिविधि गर्दै आएका छन् । अहिलेका प्रधानमन्त्री शेरबहादुर देउवा इन्डिया फाउन्डेसनको सेमिनारमा गोवा गएर कथित तिब्बती निर्वासित सरकार प्रमुख लोप्साङ साँगेलाई भेटेर आउने व्यक्ति हुन् । यस घटनाले उनलाई निकै विवादमा पनि ल्यायो । फ्रि तिब्बतका पक्षधरको उनको छवि बनेको छ । नेपालले एक चीन नीति अवलम्बन गरेको छ । तिब्बत चीनको अभिन्न अंग मान्छ नेपाल । तर देउवा जस्ता शीर्ष दलका मुखिया नै जब हैसियत विपरीत साँगेसँग गोप्य वार्ता गर्छन् भने चीन विरोधी गतिविधि सतहमै देखापर्दैन र ?

## माले...

झेलिरहेको कोरिया नेपालको मित्र शक्ति भएको चर्चा गर्दै महासचिव मैनालीले नेपाल सरकारले एकपक्षीय रुपमा राष्ट्रसंघको नाकाबन्दी र अमेरिकी सरकारको कदमको समर्थन गरेकोमा आलोचना गर्दै यसलाई कूटनीतिक असफलताको संज्ञा दिनुभयो । कोरिया, अमेरिकाबीच वर्तमान अवस्था पैदा हुनुमा अमेरिका नै मुख्य जिम्मेवार रहेको र कोरियाले आँटिलो ढंगले प्रतिरक्षाका हतियार निर्माण गरेको उहाँले बताउनुभयो । उहाँले आफ्नो केही समयअघिको कोरिया भ्रमणको अनुभव र कोरियाले हासिल गरेको प्रगतिको समेत चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा नेकपा (माले) का महासचिव क. सीपी मैनालीद्वारा हस्ताक्षर गरी सर्वोच्च नेता मार्सल किम जोङ उनलाई अंग्रेजी भाषामा पठाइएको बधाई तथा शुभकामना सन्देश पार्टीका पोलिटब्युरो सदस्य सुरेन्द्र ढकालले वाचन गर्नुभएको थियो । उक्त पत्र कोरियाली दुताबासका काउन्सिलर किम सु होलाई हस्तान्तरण गरिएको थियो ।

कार्यक्रममा नेपाल पत्रकार संघका सभापति मञ्जुरत्न शाक्य, प्रेस क्लबका अध्यक्ष रामकृष्ण कर्माचार्य, फणीन्द्र पन्त लगायतले संक्षिप्त मन्तव्य प्रस्तुत गर्नुभएको थियो । पोलिटब्युरो सदस्य हिक्मतबहादुर देउवाले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको कार्यक्रमको सञ्चालन पार्टी प्रवक्ता कुमार वेल्वासेले गर्नुभएको थियो । कार्यक्रममा पार्टी पोलिटब्युरो सदस्यहरु तथा केन्द्रीय सदस्यहरुको उपस्थिति रहेको थियो ।

## सातै...

अहिले पनि विभिन्न निकायबाट छानबिन जारी छ, मैले ती सबै छानबिनमा पूर्ण सहयोग गरेको छु । म आफ्नो ठाउँमा ठीक हुँदाहुँदै बर्खास्त जस्तो अप्रिय घटनाको सिकार हुनुपऱ्यो । म कानुनी हकका लागि सर्वोच्च अदालत गएको थिएँ । सम्मानित अदालतले मलाई न्याय दियो, उनले बताए । जग्गा खरिद प्रकरणले रोकिएको भण्डारण विस्तारसम्बन्धी काम फेरि सरकारी निर्देशन र नियमभित्र रहेर अघि बढाउने जानकारी दिएका छन् । ५ वर्षमा पूरा गर्ने गरी सातवटै प्रदेशमा तीन महिनाको माग धान्ने गरी भण्डारगृह निर्माण गर्ने योजना उनले अघि बढाएका छन् ।

भ्रष्टाचारबारे विभिन्न पत्रपत्रिकामा आएका समाचारलाई आधार बनाएर आपूर्ति मन्त्रालयले उनलाई हटाउन सिफारिस गरेको थियो । प्रधानमन्त्री शेरबहादुर देउवाको ठाडो आदेशमा खड्कालाई बर्खास्त गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको थियो । तर सर्वोच्चले खड्कालाई बर्खास्त गरी हटाउनुपर्ने कारण आधारसमेत नखोली प्राकृतिक न्यायको सिद्धान्तविपरीत सफाइको मौका समेत नदिई कुनै कानुनी प्रक्रिया समेत पूरा नगरी बर्खास्त गरेकाले प्रथम दृष्टिमा नै कानुनको परिपालना विपरीत भएको देखिएको भन्दै रिट निवेदनको टुंगो नलागेसम्म खड्कालाई बर्खास्त गर्ने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको थियो । यसपछि खड्का आफ्नो कार्यभार सम्हाल्न गत सोमबार आयल निगम गएका थिए । निगमका सम्पूर्ण कर्मचारीहरुले उनको भव्य स्वागत गरेका थिए ।

## मोदी...

नाकाबन्दीको विरोध भएपछि मोदी बहादुरीका साथ पछि हटे र ५ महिना लामो नाकाबन्दीको अन्त्य भयो । त्यसपछि पनि उनले अन्तरष्ट्रिय मञ्चहरुमा नेपालको संविधानको विरोध गरिरहे । अहिलेसम्म पनि मोदीले नेपालको संविधानको स्वागत गरेका छैनन् ।

नाकाबन्दीपछि नेपालले चीनसँग ऐतिहासिक पारवहन सम्झौता गऱ्यो । नेपाल चीनतर्फ ढल्केको भारतीय विश्लेषकहरुले बताउन थाले । तब मोदीले नेपाल नीतिमा परिवर्तन ल्याए । नेपाल र भारतबीचको सम्बन्ध पूर्ववत अवस्थामा फर्काउन उनले चाहिरहेको विश्लेषण गरिएको छ । मोदी कहिले नेपाल आउने हुन् मिति भने तय भइसकेको छैन । उनको भ्रमणको होमवर्क नेपाल भारत दुवैतर्फ भइरहेको छ । उनी करिब १ खर्ब १६ अर्ब लागतको ९ सय मेगावाटको अरुण तेस्रो आयोजना उद्घाटन गर्न नेपाल आउन लागेका हुन् । यो आयोजना भारतीय सरकारी सतलजको लगानी रहेको छ । नेपालले यो आयोजनाबाट १ सय ९८ मेगावाट बिजुली सित्तैमा पाउनेछ । आगामी २५ वर्षका लागि सतलजले अरुण तेस्रोको विद्युत उत्पादन गर्ने र आयोजना बनेपछि नेपालले निःशुल्क बिजुली, कर लगायतबाट २५ वर्षमा साढे ३ खर्बभन्दा बढी रुपैयाँ लाभ हासिल गर्नेछ ।

## अब...

सही कार्यान्वयनको अभावमा कानुन किताबका ठेलीमा सीमित हुने गरेका छन् । स्वास्थ्य बिमासम्बन्धी कानुनको कार्यान्वयनमा पनि थुप्रै जटिलता छन् । बिमा शुल्क बहन गर्न नसक्ने नागरिकको दायित्व सरकारले नै लिनुपर्ने हुन्छ । सबै घरपरिवारमा बिमा अनिवार्य गराउन निकै ठूलो मेहनत गर्नुपर्ने हुन्छ ।

स्वास्थ्य बिमासम्बन्धी कानुन बनाउने प्रयास २०६८ सालदेखि नै थालिएको भए पनि त्यसले ६ वर्षपछि मात्र सार्थक रुप लिएको छ । सबै नागरिकलाई अनिवार्य स्वास्थ्य बिमा गराउने मान्यताका साथ विधेयक निर्माण गरी संसदमा पेश गर्ने गतिलो प्रयास तत्कालीन स्वास्थ्य मन्त्री गगन थापाले गरेका थिए । उनैको प्रयासमा मृगौला पीडितलाई निःशुल्क डायलसिस सेवाको व्यवस्थालगायत स्वास्थ्यमा थुप्रै महत्वपूर्ण निर्णयहरु गरिएका थिए ।

स्वास्थ्य बिमासम्बन्धी कानुनमा व्यवस्था भएअनुसार बिमासँग आबद्ध परिवारले वार्षिक रुपमा निश्चित रकम बुझाउनुपर्छ । विपन्न र विशेष वर्गको प्रिमियम राज्यले बहन गरिदिन्छ । विमित व्यक्तिले ओपिडी सेवा, अकस्मिक सेवा, शल्यक्रिया औषधिसम्मको सुविधा पाउनेछ भने परिवार स्वास्थ्यसँग गाँसिएका पोषण, शिक्षा, परिवार नियोजन, सुरक्षित मातृत्व जस्ता सेवा समेत प्राप्त गर्नेछन् ।

## संसदको...

भए त्यसका लागि तयारी गर्न सूचित गरिसकेकी छन् । सभामुखले संसद्को आयुका विषयमा आयोगका पदाधिकारीसँग परामर्श गर्दा संसद्लाई नै निर्णयमा पुग्न आयोगले सुझाव दिएको थियो । संसद् विघटन हुने संकेत पाएपछि सांसदहरूले संविधानसभा सदस्यका लागि सुविधाको कुरा कार्यव्यवस्था परामर्श समितिमा उठाएको बताइएको छ ।

## चिकित्सा विधेयकको एमालेद्वारा विरोध

काठमाडौं । डा. गोविन्द केसीको माग पूरा गर्न सरकार तयार भए पनि प्रतिपक्षी एमालेको विरोधले संसद् बैठकमा राष्ट्रिय चिकित्सा शिक्षा विधेयक पेस हुन सकेन । विधेयकमा माथेमा प्रतिवेदन र डा. केसीको सुझाव समेट्न शिक्षामन्त्री तयार भए पनि सम्बन्धित समितिबाट सर्वसम्मत रूपमा पास भई संसद्मा दर्ता भइसकेको विधेयक पुनः परिमार्जन गर्ने अधिकार सरकारसँग नभएको भन्दै एमालेका सांसदले विरोध जनाएका हुन् । शिक्षामन्त्री गोपालमान श्रेष्ठसहित सरकारी अधिकारी र डा. केसी पक्षबीच लामो छलफलपछि विधेयक परिमार्जन गर्ने सहमति जुटेको थियो ।

डा. सिंहका अनुसार केसीको माग सम्बोधन गर्न कानुनको प्रस्तावनामा 'माथेमा प्रतिवेदनको मर्मअनुरूप विधेयक कार्यान्वयन गर्ने' उल्लेख गरिने सहमति भएको छ । एक विश्वविद्यालयले पाँचभन्दा बढी मेडिकल कलेजलाई सम्बन्धन नदिने, स्वास्थ्य मन्त्रालयमा अस्पताल दर्ता भएर तीन वर्ष सञ्चालनमा आएपछि मात्रै मेडिकल कलेजको सम्बन्धनका लागि आवेदन दिन पाउने व्यवस्था विधेयकमा गर्ने दुवै पक्षबीच सहमति भएको छ ।

वातावरण

हेमचन्द्र महतो

# बाढीपहिरो रोकथाममा बोधसाल

के बाढीपहिरोबाट बच्न तथा रोकथामका लागि बोधसाल विरुवा एक विकल्पको रुपमा हुनसक्छ ? हो, पक्कै पनि हन सक्छ । हामीलाई थाहा छ, हाम्रो देश नेपाल बाढीपहिरोको उच्च जोखिममा परेको देश हो । बाढीपहिरोको कारणले हुने जोखिमको हिसाबले नेपाल २० औ स्थानमा छ । गएसाता अविरल वर्षाका कारण नेपालको तराईमा बाढीले महाप्रलयनै ल्यायो । महाविनाशकारी बाढीले गर्दा नेपालको खासगरी तराईक्षेत्रमा व्यापक धनजनको क्षति व्यहोर्नू पऱ्यो । तराईका सहर गाउँबस्ति डुवानमा परि विपदको अवस्था आयो । नेपाल सरकार गृह मंत्रालयको भाद्र २ गतेको प्रेस विज्ञप्ति अनुसार १३५ जनाको मृत्यु, ३० जना वेपत्ता र ४१ जना घाइते भएका छन् । साथै प्रारम्भिक विवरण अनुसार उन्नानसी हजार आठ सय बाह्र वटा घरमा पुर्णरुपमा क्षति पुगेको छ भने एक लाख चार हजार चार सय पच्चिस घरमा आंशिक रुपमा क्षति भएको छ । भौतिक पूर्वाधार लगायत संरचनाहरुमा भएको क्षतिको विवरण सम्बन्धित मंत्रालयहरुबाट यकिन गर्ने कार्य जारी रहेको कुरा गृह मंत्रालयको प्रेष विज्ञप्तिमा उल्लेख भएको पाइन्छ ।



के यो घटना नयाँ हो त ? निसन्देह, होइन । प्रत्येक वर्ष दोहरीने प्राकृतिक प्रकोप हो यो । हाइड्रोमेटेरोजिकल प्रकोपको कारणले हरेक वर्ष नेपालमा मानिस, पशुचौपयाको ज्यान जाने लगायत अन्य महत्वपूर्ण संरचनाहरु क्षति हुने गर्दछ । हाइड्रोमेटेरोजिकल प्रकोपहरु बाढी, पहिरो, शितलहर, गर्मीको कारण लू लाग्ने, असिना पर्ने आदी हुन् । गृह मन्त्रालयको एक प्रतिवेदन अनुसार धेरै प्रकोपहरु मध्ये बाढी र पहिरो मुख्य प्रकोप हुन जसले गर्दा नेपालमा वार्षिक बढी धनजनको क्षति हुने गर्दछ । गृह मन्त्रालयको सन् २०१४ को तथ्यांक अनुसार नेपालमा बाढी र पहिरोको कारण प्रत्येक वर्ष सय भन्दा बढी मानिसको ज्यान जाने गर्दछ भने सन् २००२ मा मात्रै ४०० भन्दा धेरैले ज्यान गुमाउनु पर्ने अवस्था आएको थियो ।

धेरै पानी परे पछि पानी भन्डारण हुने ठाउहरु जस्तै नदी, पोखरीहरु आदी भरिएर overflow भई बाढी आउने गर्दछ । कम समयमा धेरै पानी पऱ्यो भने विकराल विपत्तिजन्य बाढीको रुप लिने गर्दछ । बाढी आउन वर्षाले मुख्य भुमिका खेल्दछ । चालिसे र खनालले सन् २००० मा गरेको एक अध्ययनमा समेत नेपालमा प्राकृतिक प्रकोप हुनुको प्रमुख कारण अत्यधिक वर्षा हुनु नै उल्लेख गरेको पाइन्छ ।

बाढीबाट सिर्जित महाविपत्ति नहुनका लागि वर्षा हुने समय, स्थान, मात्रा, दिन र बाढी आउन सक्ने संकेत बारे सम्बन्धित निकायले समयमै भविष्वाणी गरी जोखिम स्थानहरुमा पूर्व सूचना दिनु आवश्यक देखिन्छ । तर नेपालको भूबनोट, हावापानी विविधता, वैज्ञानिक साधन स्रोत, दक्ष प्राविधिक र नेपालको विद्यमान अवैज्ञानिक सुचना प्रणाली ले गर्दा सही यथार्त पूर्वसुचना दिनु कठिन छ भन्नु पक्कै गलत होइन ।

नेपालकोमा ७५ प्रतिशत भन्दा बढी वर्षा मनसुनको समयमा हुने गरेको छ । यो समयावधि जुनदेखि सेप्टेम्बर महिना सम्मको पर्छ । नेपालमा मनसुन सिजनमा पर्ने औषत वर्षा करिब १४२२.८ मि.मि. रहेको कुरा श्रेष्ठ (सन् २०००) को एक अध्ययनले पुष्टि गरेको पाइन्छ । भारतको जल तथा मौषम विभागको अनुसार २४ घण्टामा औषत २०४.६ मि.मि. भन्दा बढी वर्षा भएका त्यसलाई अत्यधिक वर्षाको रुममा वर्गिकरण गरेको छ ।

हाम्रो देशमा विनाशकारी बाढीपहिरो आउनका धेरै कारणहरु छन् ती मध्ये तीन वटा प्रमुख कारणहरु यहाँ पङ्क्तिकारले समेटेको छ । एउटा कारण हो, नेपालमा मनसुनको समयमा मात्र बढी पानी पर्ने, भिरालोपन भएको भूबनोट, अग्ला पहाड, कमलो चट्टानले बनेको भौगोलिक अवस्था, गहिरो र सांघुरो नदी प्रणाली जस्ता कारणले गर्दा नेपालका प्राकृतिक रुपमा पनि flash flood ले गर्दा भूक्षय तथा भूस्खलनको समस्या हुने र जसबाट बर्सेनि हजारौ जनता विपत्तिमा पर्ने अनि जनधनको अपुरणीय क्षति भोग्नु पर्ने अवस्था छ ।

दोस्रो कारण हो, चुरे वनक्षेत्रको विनाश, खासगरी पहाडी क्षेत्रमा भइरहेको अव्यवस्थित बसोबास, भिरालो जमिनमा समेत जथाभावि गरिएका जग्गा प्लटिङ्ग, वातावरणिय अध्ययनविनै डोजरले खनिएका ग्रामिण सडक, वन विनाश, वन डढेलो, अव्यवस्थित चरिचरण प्रणालि, अवैज्ञानिक कृषिप्रणालि तथा एकीकृत भूउपयोग नीतिको अभाव ।

तेस्रो प्रमुख कारण हो जलवायु परिवर्तन । जलवायु परिवर्तनको नियमित निरन्तर चलिरहने प्राकृतिक प्रक्रिया हो । साथै यो मानव सिर्जित कारण पनि हो । मानिसले आफनो आवश्यक्ताको वहानामा वनजन्य प्राकृतिक स्रोतको अत्यधिक दोहन गरेको कारणले जलवायु परिवर्तन भईरहेका अध्ययनहरुले सावित गरिसकेका छन् । विश्वव्यापी तापमान वृद्धिले जलवायु परिवर्तनमा परेको असरबाट अत्यन्त बढी प्रभावित मुलुकको सुचीमा नेपाल चौथो स्थानमा परेको एक अध्ययनले देखाएको छ । भूमध्य क्षेत्रमा वर्षाको मात्रा घटेको छ भने ध्रुवीय क्षेत्रमा वर्षाको मात्रा बढेको छ । यसले गर्दा ध्रवीय क्षेत्रका देशहरु वाढीको जोखिममा रहेका छन् । उच्च पहाडी क्षेत्रमा हिमतालहरु फुटने आदी कारणले गर्दा बाढी पहिरोको जोखिम बढाएको छ । जुन गम्भिर चिन्ताको विषय बनेको छ । त्यस्तै समयमा वर्षा नहुने त कहिले ढिलो वषाए शुरु भई छिट्टै सकिने, अतिवृष्टिका कारणले मानव जीवन कष्टकर बन्दै गएको नकार्न सकिन्न ।

तसर्थ, यस समस्याको निराकरणका लागि मानवबाट नै पहल हुनुपर्दछ । तीव्र रुपमा हुँदै यएको जलवायु परिवर्तनलाई कम गर्न तथा परिवर्तित जलवायुमा सहज ढङ्गले बाँच्न सक्ने वातावरण बनाउन मुख्यतः हाल वायुमण्डलमा रहेको हरितगृह ग्याँसको मात्रामा कमी ल्याउनु पर्छ भने जलवायु परिवर्तनले ल्याएका असरलाई कम गरी त्यसबाट जनजीवनमा आइपर्ने विपत्ति न्यून गरी जीवन पद्दतिलाई सहज बनाउनु नितान्त आवश्यक देखिन्छ । हरितगृह प्रभाव कम गर्न वायुमण्डलको तापक्रम वृदि गराउने पेट्रोलियम पदार्थ एवं कोइलाजन्य उर्जाको प्रयोगलाई कम गर्नुपर्छ । साथै वनको संरक्षण, सम्बर्द्धन गरी नाङ्गा जमिनमा वृक्षारोपण गरी वायुमण्डलमा कार्वाडाइअक्साइडको मात्रा कम गर्न तादारुक्ताका साथ सबै नागरिक लाग्नुपर्ने देखिन्छ ।

जलवायु परिवर्तनले गरिब मुलुक र गरिब जनताहरु बढी प्रभावित हुने कुरामा हामी दुईमत छैनौ । त्यसैले हामी गरिब मुलुकका गरिब जनताहरु यस सार्वजनिक महत्वको विषयमा एक्यबद्धता जनाई बाढी, पहिरो, भूक्षय नियन्त्रण एवं न्यूनिकरण गर्नका लागि तथा यसबाट उत्पन्न हुने विपत्तिवारे जनचेतना अभिवृद्धि गरी वृहत वृक्षारोपण गर्न अझै जोड दिनु पर्ने देखिन्छ ।

हो अवश्य, गरिव जनताहरु वृक्षारोपण गरी जलवायु परिवर्तनका असर न्यून हुने कार्यमा त लाग्लान । तर गरिव जनाताको जनजीवीकाको सवाल छ । उनीहरुले गरेका वृक्षारोपणबाटै जिवीकोपार्जन गर्दै, आयआर्जन बढाउने तथा गरिवीन्यूनीकरण गर्ने विकल्प के त ?

विकल्प हो बोधसाल । बोधसाललाई पाउलोनिया, किरी, राजकुमारी र महारानी वृक्ष पनि भनिन्छ । यो थोरै लगानीमा धेरै आम्दानी लिन सक्ने संसारकै चाँडै हुर्कने रुख हो । यसको काठ संसार भरिनै उच्च गुगस्तरको रुपमा लोकप्रिय छ । बोधसाल जस्तो ठाँउमा पनि हुर्कन सक्ने, हुर्काउन गाह्रो नहुने, वायु प्रदुषण रोक्ने, भूक्षय रोक्ने, बाढीपहिरो रोक्ने, यसको पाबाट औषधि बन्ने, अत्यधिक मात्रामा कार्वन सोस्ने, तापको कुचालक, बृचबिखन गर्न कुनै पनि देशमा प्रतिबन्धित नभएको, साल, सिसौ जस्ता रुखको वैकल्पिक काठको रुपमा प्रयोग गर्न सकिने, छायादार, आकर्षक, सजावट योग्य, वातावरणमैत्री बहुउपयोगि रुख हो ।

यो एक वर्षमा १५ फिट सम्म बढेको पाइएको छ । १० वर्षमा ७०-१०० फिट सम्म हुर्किन्छ । एक बर्षमा सरदर ३५ क्यू.फिट उत्पादन हन्छ जसको बजार मुल्य आजको भाउमा कम्तिमा ५० हजार हन्छ । यस रुखबाट जम्मा ८ देखी १० लाख सम्म आम्दानी हुन्छ । यस हिसाबले एक बिग्हामा ७०० रुख लगाउँन सकिन्छ र ५०० मात्रै बाँच्दा पनि २ करोड ५० लाखको आम्दानी हुन्छ ।

यति मात्र होइन, पाउलोनियाले अरु रुखको तुलनामा १० गुणा कार्बन खपत गर्छ र सोही मात्रामा अक्सिजन उत्सर्जन गर्छ । एउटा बयस्क पाउलोनियाको बोटले प्रती बर्ष २.१३ टन अक्सिजन उत्सर्जन गर्छ र सोही मात्रामा कार्वन खपत गर्छ । यसको एउटा बोटले एक दिनमा ५६.८ लिटर Waste Water Store गर्दछ र जमिन मुनीको फोहर र हानीकारक वायु शुद्धिकरण गर्छ । अरु काठको दाउरा बाल्नु भन्दा पाउलोनियाको दाउरा बाल्दा फाइदा हुन्छ किनकी यसले Carbon mono oxide , Methane, Sulphur Oxide, Nitruous Oxide , Methane निकाल्दैन । बोधसाल रुखले पीपल भन्दा बढी Oxygen दिने हुनाले वातावरण स्वच्छ राख्न मद्दत गर्छ ।

अन्तमा, बोधसाल विभिन्न हावापानीमा हुर्कने भएकोले नेपालमा पनि तराई देखि मध्यपहाडी क्षेत्रमा वृक्षारोपण गर्न सकिने भएकोले नमुना वाली समेत सफल भएको र ८/१० वर्षमा काट्न तयार हुने यो रुखबाट दिर्घकालिन आयस्रोत भएको हुदा गरिवी न्यूनीकरणमा समेत टेवा पुग्नुका साथै बाढीपहिरो तथा जलवायु परिवर्तनको असरसंग जुध्ने अचुक प्रजाति हो । वरिष्ठ वनस्पतिविद् डा. तीर्थबहादुर श्रेष्ठका अनुसार सन् २००५ मा आईयुसीएन नेपालले तयार पारेको नेपालका मिचाहा एवं परचक्री विरुवाको सूचीमा १६६ वनस्पतिमध्येमा समेत बोधसालको नाम नरहेको यो प्रजाति अग्लो सुरिलो भई बढने, यस्को जरा सिधै तल जाने भएकोले कृषियोग्य जग्गा, अनुत्पादक क्षेत्र, बाढीपहिरो जाने तथा खेती नगरि खाली रहेको जग्गामा कृषिवन प्रणालीको रुपमा यस बोधसाल संगै अन्य वेसार, तरकारी, अनार, आँप, लिची आदी प्रजातिका विरुवा रोपी जग्गाको अधिकतम सदुपयोग गर्न सकिन्छ ।